जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष १० अंक २५, २०७८ साल माघ ७ गते शुक्रबार, नेपाल संवत् ११४२ (Jan. 21, 2021) Website : www .greaternepal .com .np मूल्य रु. १० ।–

### स्वास्थ्यकर्मीलाई ५० प्रतिशत जोखिम भत्ता

काठमाडौं । सरकारी प्रयोगशालामा आठ सय र निजीमा एक हजार पाँच सय स्वास्थ्यकर्मीलाई जोखिम भत्ता दिइने भएको छ। कोरोनाको नयाँ भेरियन्ट ओमिक्रोन तीव्र गतिमा फैलिएपछि उपचारमा खटिएका स्वास्थ्यकर्मीको मनोबल उच्च राख्न स्वास्थ्य मन्त्रालयले जोखिम भत्ता दिने तयारी गरेको हो।

यसअघि नै ५० प्रतिशत जोखिम भत्ता दिने निर्णय गरिएकाले स्वास्थ्य मन्त्रालयले तीन महिनाका लागि आवश्यक पर्ने बजेट अर्थ मन्त्रालयसँग बाँकी ८ पेजमा

### फेरी हिमपात र वर्षा हुने

काठमाडौं । हाल देशमा पश्चिमी वायुको प्रभाव रहेको छ। उक्त मौसमी प्रणालीको प्रभावले आगामी तीन दिनसम्म देशभर आंशिकदेखि सामान्य बदली रही पहाडी भेगका थोरै स्थानमा हल्का वर्षा र उच्च पहाडी तथा हिमाली भेगमा हल्का हिमपातको सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

काठमाडौँको आकाशमा बिहानैदेखि बाक्लो तुवालो लागेकाले केही चिसो महसुस गरिएको छ। बिहान छिटफुट वर्षासमेत भएको छ। महाशाखाले पनि वर्षा र हिमपातको सम्भावनाले चिसो थप बढ्नसक्ने भएकाले आवश्यक बाँकी ८ पेजमा

# "नेपाली भूमिमा सडक निर्माण रोक"

■ तेजेन्द्र प्रसाईं



काठमाडौं । अन्ततः नेपाल सरकारले नेपाली भूमिमा भारतीय पक्षबाट भइरहेको सडक निर्माण रोक्न र कूटनीतिक संवादमा आउन आग्रह गरेको छ। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले पुस १५ मा कालापानी हुँदै चीनसँगको सीमा क्षेत्र लिपुलेक पुग्ने सडक निर्माण भइरहेको उल्लेख गरेको दुई सातापछि सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना मन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले नेपाल सरकारको आधिकारिक धारणा सार्वजनिक गरेका हुन्।

सत्तारुढ दल नेकपा एकीकृत समाजवादी, प्रमुख प्रतिपक्षी दल एमाले, माले लगायत विभिन्न कम्युनिस्ट घटकहरू तथा आम नागरिक, विज्ञसम्मबाट नेपाली भूभागमा निर्माणाधीन भारतीय सडकको विरोध भइरहँदा समेत सरकार चुप्पी साँधेर बसेको थियो। हरेक क्षेत्रबाट दबाबा आएपछि सरकारले बल्ल मुख खोलेको हो। प्रवक्ता कार्कीले २ माघमा मन्त्रिपरिषद्को निर्माण सार्वजनिक गर्ने क्रममा भारतीय अतिक्रमणलाई लिएर सरकारको धारणा राखेका हुन्। उनले महाकालीका लिपुलेक, लिम्पियाधुरा र कालापानी क्षेत्र नेपालका अभिन्न भूभाग हुन् भन्ने तथ्यमा सरकार दृढ रहेको प्रस्ट पारे। उनले उक्त क्षेत्रमा एकपक्षीय सडक निर्माण रोक्न भारतीय पक्षलाई आग्रह गरे।

नेपाल सरकारले भारत सरकारलाई नेपाली भूभाग भएर जाने कुनै पनि किसिमको एकपक्षीय सडक निर्माण रोक्न आग्रह गर्दै आएको छ, उनले भने 'नेपाल र भारतबीच रहिआएको घनिष्ट र मैत्रीपूर्ण सम्बन्धको मर्म र भावनाअनुसार दुई देशबीचका सीमा समस्याको समाधान ऐतिहासिक सन्धि, सम्झौता, तथ्य, नक्सा र प्रमाणका आधारमा कूटनीतिक माध्यमबाट गर्न सरकार प्रतिबद्ध रहिआएको छ। मन्त्री कार्कीले नेपाल र भारतबीचको ऐतिहासिक सम्बन्धलाई मनन गरेर नेपाल सरकारले सीमा समस्या समाधान गर्नका लागि निमित्त कूटनीतिका माध्यमबाट प्रक्रिया अगाडि बढाउने जानकारी दिए। तर उक्त एकपक्षीय सडक निर्माणबारे सरकारले भारतलाई 'प्रोटेस्ट नोट' का रुपमा कूटनीतिक नोट पठाएको वा नपठाएको बारे भने बोलेनन्।

नेपाल सरकारले आफ्नो धारणा बाहिर ल्याउनु एक दिनअघि भारतले आफ्नो धारणा सार्वजनिक गरेको थियो। काठमाडौंस्थित भारतीय दूतावासका प्रवक्ता नवीन कुमारले एक विज्ञप्ति जारी गर्दै उक्त सीमा सम्बन्धमा आफ्नो सरकारले अडान यथावत रहेको प्रस्ट पारेका थिए। नवीन कुमारद्वारा जारी विज्ञप्तिमा उल्लेख छ– भारत नेपाल सीमामा भारत सरकारको अडान सर्वविदित, यथावत र स्पष्ट छ। नेपाल सरकारलाई जानकारी गराइसकिएको छ।'

भारतीय रक्षामन्त्री राजनाथ सिंहले कोरोना महामारी उत्कर्षमा पुगिरहेका बेला २०७७ वैशाख २६ मा सडक उद्घाटन गरेको समाचार भारतीय मिडियाहरूले सार्वजनिक गरेपछि तत्कालीन नेकपा नेतृत्वको ओली सरकारले आपत्ति जनाएको थियो। परराष्ट्र मन्त्रालयले विज्ञप्ति जारी गर्दै उक्त क्षेत्रको सडक निर्माण तत्काल रोक्न आग्रह गरेको थियो। लगत्तै सरकारले 'प्रोटेस्ट नोट' का रुपमा कूटनीतिक नोट भारत सरकारलाई पठाएको थियो। तर यसपटक भारतीय प्रधानमन्त्री मोदीले नेपाल यसअघि नै सडक निर्माण रोक्न भनेको क्षेत्रमा सडक बनाइरहेको बताएपछि पनि परराष्ट्र मन्त्रालय मौन छ। परराष्ट्र मन्त्रालयकी प्रवक्ता सेवा लम्सालले यसबारे जानकारी लिइरहेको प्रतिक्रिया दिएकी छन्। परराष्ट्र मन्त्री नारायण खड्काले भने सार्वजनिक रुपमा केही बोलेका छैनन्। गुजरात भाइब्रेन्ट समिटमा प्रधानमन्त्री शेरबहादुर देउवा सहभागी हुने कार्यक्रम हुँदा सीमाका विषयमा भारतीय समकक्षीसँग वार्ता हुने सम्भावना थियो। तर बढ्दो कोभिड संक्रमणका कारण सो समिट स्थगित गरियो र प्रम देउवाको भारत भ्रमण नै स्थगित हुन पुग्यो।

नेपाल सरकार र भारत सरकारले सीमा समस्यालाई कूटनीतिक संवाद र संयन्त्रबाट समाधान गर्ने सार्वजनिक रुपमा बताउँदै आएका छन्। प्रवक्ता कार्कीले पनि दुई देशबीचका सीमा समस्याको समाधान ऐतिहासिक सन्धि सम्झौता, तथ्य, नसक्सा र प्रमाणका आधारमा कूटनीतिक माध्यमबाट गर्न सरकार प्रतिबद्ध रहेको प्रस्ट पारेका छन्। सरकारले नेपाल र तत्कालीन ब्रिटिस भारतबीच भएको सन् १८१६ को सुगौली सन्धि र त्यसपछिको दस्तावेजको आधारमा वार्ता गर्न सकिने प्रस्ट पारेको छ। तर त्यसका लागि भारत टेबुलमा बस्नुपर्ने हुन्छ। भारतीय दुतावासका प्रवक्ता कुमारले जारी गरेको विज्ञप्तिमा भारत सरकारको धारणामा स्थापित अन्तर सरकारी संयन्त्र र माध्यमहरूबाट सबैभन्दा उपयुक्त बाँकी ८ पेजमा

## भ्रष्टाचारका उजुरीको चाङ

काठमाडौं । अख्तियार दुरुपयोग अनुसन्धान अयोग, टंगालका अनुसार चालू आर्थिक वर्षको अर्धवार्षिक अवधिमा छ हजार चार सय ८७ वटा भ्रष्टचारसम्बन्धी उजुरी परेको जनाएको छ। उक्त उजुरी अख्तियारको विभिन्न कार्यालयमा दिएका छन्। सेवाग्राहीलाई सेवा दिने नाममा सरकारी अधिकारीहरूमार्फत भ्रष्टाचार गरेको भन्दै सो उजुरी गरेको बताइएको छ ।

आयोग अधिकारीहरूका अनुसार सम्पत्ति अनुसन्धान तथा मूल्यांकन महाशाखा र अख्तियारका नौवटा कार्यालयहरूमार्फत ती उजुरी प्राप्त भएको हो। सरकारी निकायमा कार्यरत अधिकारीले सेवा दिने नाममा अनावश्यक रकम माग गरेको लगायतका समस्या देखाउँदै ती उजुरीहरू प्राप्त भएको हो।

आयोगका अनुसार उक्त उजुरीहरूमध्ये सबैभन्दा बढी उजुरी साउनमा त्यसपछि क्रमशः भदौ, असोज, मंसिर, कात्तिक र बाँकी ८ पेजमा

## लकडाउन नगर्ने सरकारको रणनीति



काठमाडौं। देशभर कोरोनाको तेस्रो लहर तीव्र रुपमा फैलिए पनि सरकारले व्यवसाय पूर्ण रुपमा बन्द नगर्ने भएको छ। कोरोना फैलिन नदिनका लागि स्वास्थ्य मापदण्डलाई कडाइका साथ पालना गर्न लगाएर सकभर व्यवसाय बन्द नगर्ने नीति सरकारले लिएको हो।

कोरोनाको पहिलो र दोस्रो लहरका कारण थिलो-थिलो बनेको अर्थतन्त्र केही तङ्गिनथालेकै बेला 'ओमिक्रोन' नामको तेस्रो लहर सुरु भएपछि विभिन्न पेशा तथा व्यवसाय गर्नेहरू त्रसित भएको बेला सरकारले तत्काल लकडाउन लगाएर सबै व्यवसाय बन्द नगर्ने नीति लिएको हो।

ओमिक्रोन अहिलेसम्म व्यापक फैलिए पनि यो अघिल्ला दुई लहरको जस्तो प्राणघातक नदेखिएपछि सरकारले खोप र परीक्षणलाई सहज बनाउँदै अन्य स्वास्थ्य मापदण्डलाई कडाइ गरेर व्यवसायलाई निरन्तरता दिनलागेको हो।

सरकारले आफ्ना कार्यालयहरूमा कार्यरत कर्मचारीहरूमा कोरोना पुष्टि भएकाहरलाई सात दिनका लागि विदा दिने तर कार्यालय पूरै बन्द नगर्ने नीति लिएको छ। यस्तो नीतिले सरकारी कार्यालय बन्द हुनेछैन। साथै एकपटक कोरोना देखिएपछि सात दिनपछि परीक्षण गर्न नपर्ने बताएर कामलाई निरन्तरता दिने भएको छ। तर, भीडभाड कम गर्नेलगायतका अन्य स्वास्थ्यसम्बन्धी मापदण्डलाई पालना गराउन जरिवाना गर्ने नीति सरकारले लिएको छ। त्यसको सुरुवात काठमाडौं जिल्ला प्रशासन कार्यालयले बुधबारदेखि नै सुरु गरेको छ।

काठमाडौं जिल्ला प्रशासनले बुधबार काठमाडौंका केही सार्वजनिक स्थलको अनुगमन गरी मास्क नलगाई हिँडुल गर्नेलाई नगद जरिवाना गराएको छ। यो जरिवाना अभियान पनि सरकारले देशभर सञ्चालन गर्नेछ। त्यसको लागि देशभर नै परीक्षण र खोप कार्यक्रम पनि तीव्र रुपमा सञ्चालन गर्ने भएको छ।

अर्थ मन्त्रालयले विभिन्न व्यवसायी संघ/संस्थाका प्रतिनिधिहरूलाई बुधबार मन्त्रालयमा बोलाएर कोरोनाको तेस्रो लहरमा सरकारले के-के काम गर्नुपर्ने, लकडाउन गर्नुपर्ने कि नपर्ने भनेर सुझाव माग गरेको बाँकी ८ पेजमा

### आउँदो सालमा विवाह र व्रतबन्धका लगन धेरै

काठमाडौं। २०७९ सालमा विवाह र व्रतबन्धको लगनैलगन जुरेको छ। नेपाल पञ्चांग निर्णायक विकास समितिका अनुसार नयाँ वर्ष २०७९ मा विवाहका मात्रै ५६ वटा लगन निस्किएको छ। २०७८ सालको तुलनामा यो झन्डै दुई गुणा बढी हो। २०७८ सालमा विवाहका ३१ वटा मात्रै लगन जुरेको थियो।

समितिका सदस्य सचिव सूर्यप्रसाद ढुंगेलका अनुसार २०७९ सालको पहिलो महिना वैशाखमा सबैभन्दा बढी लगन निस्किएको छ। 'वैशाखमा एक दिन बिराएर लगन निस्किएको छ,' ढुंगेलले भने। उनका अनुसार वैशाखमा मात्रै विवाहको १७ वटा लगन जुरेको छ। वैशाखपछि जेठमा सबैभन्दा बढी ११ वटा लगन निस्किएको छ। त्यस्तै, असारमा ५, मंसिरमा ८, माघमा ६ र फागुनमा नौ दिन विवाहको लगन छ। बाँकी ८ पेजमा

## फेरि बढ्यो पेट्रोलियम पदार्थको मूल्य

काठमाडौं। नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य पुनः बढाएको छ। निगमले पेट्रोल, मट्टितेल, डिजेल र हवाई इन्धनको मूल्य बढाएको हो।

इन्डियन आयल कर्पोरेसनबाट प्राप्त नयाँ मूल्य अनुसारको घाटा समायोजनका लागि भन्दै निगमले पेट्रोलियम पदार्थको मूल्य बढाएको जनाएको छ। माघ ५ गते राति १२ बजेदेखि लागू हुनेगरि मूल्य समायोजन गरिएको निगमले जनाएको छ।

निगमका अनुसार पेट्रोल, डिजेल र मट्टीतेलको साबिक मूल्यमा ३ रुपैयाँ बढाइएको हो। नयाँ मूल्य अनुसार पेट्रोल प्रतिलिटर १३९ र डिजेल तथा मट्टितेलको मूल्य १२२ रुपैयाँ कायम भएको छ। बाँकी ८ पेजमा

## संक्रमित दर तीव्र हुने

काठमाडौं। गत २४ घण्टामा परीक्षण भएका नमुनामध्ये ५० प्रतिशतभन्दा बढीमा कोरोना संक्रमण पुष्टि भएको छ। सो अवधिमा नेपालभरिमा २३ हजार ४ सय ९ नमुना परीक्षण भएकोमा ११ हजार ३ सय ५२ जनामा कोरोना पुष्टि भएको हो। यो अहिलेसम्मकै सबैभन्दा बढी दैनिक संक्रमित संख्या रहेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ।

संक्रमणदर अघिल्लो साताको तुलनामा पिसिआर परीक्षणमा २१.६ प्रतिशत र एन्टिजेनमा १४.२ प्रतिशतले वृद्धि भएको छ। गत २४ घण्टामा नेपालमा कोरोना संक्रमणदर ४८.४९ प्रतिशत रहेको छ। अघिल्लो दिनको तुलनामा संक्रमणदर ४ प्रतिशतले वृद्धि भएको हो। संक्रमण दर तीव्र गतिले बढेकाले अर्को साता बढेर दैनिक २० हजारसम्म पुग्ने बाँकी ८ पेजमा

## सात निर्माण कम्पनी कालोसूचीमा

काठमाडौं। सरकारले सात निर्माण कम्पनीलाई कालोसूचीमा राखेको छ। सम्झौताअनुसार निर्माण पूरा नगरेको भन्दै सार्वजनिक खरिद अनुगमन कार्यालयले बिहीबार एक सूचना जारी गर्दै कालोसूचीमा राखिएको जनाएको हो।

उक्त कार्यालयको बुधबार बसेको बैठकले आजदेखि लागू हुने गरी ती निर्माण कम्पनीलाई सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ को उपदफा (१) बमोजिम एक वर्षदेखि तीन वर्षसम्मका लागि कालोसूचीमा राख्ने निर्णय गरेको थियो।

कर्णाली प्रदेशको सल्यानस्थित पूर्वाधार विकास कार्यालयको सिफारिसमा काठमाडौंको महाराजगन्जस्थित आरोग्य कन्स्ट्रक्सन प्रालिलाई तीन वर्षका लागि र दाङको घोराहीस्थित राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको सिफारिसमा काठमाडौंकै हाँडीगाउँस्थित डाइग्नोकेस जय शम्भु जेभीलाई दुई वर्षका लागि कालोसूचीमा राखिएको हो। तुलसीपुरस्थित बालन ब्रदर्स कन्स्ट्रक्सन एण्ड सप्लायर्स, बरदान कन्सल्टेन्ट एन्ड कन्स्ट्रक्सन प्रालि, अनामनगरस्थित ग्रीन टेक बाँकी ८ पेजमा

## नेपालको सार्वभौमिकतामाथि अतिक्रमण

● हिरण्यलाल श्रेष्ठ



नेपाल महाभूकम्प २०१५ को चपेटामा पीडित भएको बेला भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको चीन भ्रमण भयो। भ्रमणको अन्त्यमा १६ मे २०१५ मा प्रकाशित संयुक्त विज्ञप्तिमा लिपुलेक भन्ज्याङलाई भारत र चीनले अन्तर सीमा व्यापार नाकाको रूपमा विकसित गर्ने कुरा ४१ बुँदे विज्ञप्तिको २८ नं. बुँदामा उल्लेख भएको छ। लिपुलेक नेपालको लेनदेन भारत र चीनबीच त्यहाँबाट गर्न चाहेको कुरा थाहा भएपछि नेपाल मर्माहत भएको छ। सडकदेखि सदनसम्म लिपुलेक सम्झौताविरुद्ध आवाज उठ्नुका साथै त्यसलाई सच्याउन लगाउन कूटनीतिक पहल गर्न नेपाल सरकारलाई संसदको अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिले निर्देशन दिएको छ।

संसदको समितिमा परराष्ट्रमन्त्री तत्कालीन परराष्ट्र मन्त्री महेन्द्रबहादुर पाण्डेले चीन र भारतबीचको लिपुलेक समझदारीबारे सरकारको गम्भीर ध्यानाकर्षण भइसकेको र उक्त समझदारीबारे कूटनीतिक च्यानलबाट दुवै देशसँग जानकारी मागिएको बताए। उनले हालसम्मको नक्सा अनुसार लिपुलेक नेपाली भूमि नै भएकोमा कुनै द्विविधा नरहेको समेत उल्लेख गरे।

नेपालले कूटनीतिक पहल गर्दा सर्वप्रथम ऐतिहासिक सन्धि सम्झौता र त्यसबेलाको नक्सामा आधारित भएर ठोस प्रमाणका साथ प्रस्तुत हुनु अत्यावश्यक छ। नेपाल र भारतबीच १८१६ मा भएको सुगौली सन्धिको धारा ५ अनुसार काली नदी नै नेपालको पश्चिमी सीमाको रूपमा निर्धारित भएको छ। लिम्पियाधुराबाट उत्पन्न काली नदी सीमा भएकाले त्यसको निकै पूर्वतिर पर्ने लिपुलेक स्वतः नेपालको रहेको छ।

नेपाल र चीनबीच १९६१ अक्टोबर ५ मा भएकोसीमा सन्धिको दफा १ को उपदफा (१) मा लेखिएको छ- नेपाल चीन सीमा रेखा काली नदी र टिंकर नदीको पानी ढलो तथा कर्णाली (मापचु) नदीको सहायक नदीहरू र टिंकर नदीको पानी ढलो सम्मिलित भएको स्थानबाट प्रारम्भ हुन्छ, त्यहाँबाट यो दक्षिण पूर्वतर्फ कर्णाली (मापचुँ) नदीका सहायक नदीहरू तथा टिंकर नदी र सेती नदीका पानी ढलो हुँदै लिपुधुरा (न्यूमचिसा) हिमालको शृंखला र लिपुधुरा (टिंकर लिपु) भन्ज्याङतक जान्छ। यस सन्धिअनुसार पनि लिपुलेक नेपालको हो भन्ने प्रस्ट देखि न्छ।

भारत र चीन आआफ्नै हस्ताक्षर गरेको सन्धिहरू अनुसार लिपुलेक नेपालको भएकाले लिपुलेक बारेको १६ मे २०१५ को भारत-चीन सम्झौता नेपालको जानकारी र सहमतिबेगर भएकाले सन्धिविपरीत छ। तसर्थ अन्तर्राष्ट्रिय कानुनको विपरीत हुन गएकाले त्यसलाई सच्याउनैपर्छ।

सुगौली सन्धिलगत्तै लण्डनबाट बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

बजार व्यवस्थापन
रामशरण रिमाल

सम्पादन सहयोगी
गोविन्द विक

आजीवन सल्लाहकार

योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्र(ाचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
Visit : www .youtube .com Surendra Dhakal Social Activist

## सम्पादकीय

### आयातमुखी अर्थतन्त्र भीरतर्फको दौड

सरकार परिवर्तन भएपछि बन्ने नयाँ सरकारका अर्थमन्त्रीले हरेकपल्ट आयात प्रतिस्थापनको भाषण गर्ने गरेका छन् । मुलुकलाई आत्मनिर्भर बनाउने, निर्यात प्रबर्द्धन गर्ने सरकारको आर्थिक नीति भए तापनि यस विपरीत मुलुकमा राजस्वको मुख्य स्रोत आयात बन्न पुगेको छ । महालेखा नियन्त्रकको कार्यालयका अनुसार पुस मसान्तसम्ममा सरकारले आयातबाट १ खर्ब २ अर्ब १४ करोड रूपैयाँ भ्याट संकलन गरेको छ । आन्तरिक उत्पादनबाट भने १६ अर्ब ९८ करोड रूपैयाँ मात्र उठाउन सकेको छ । यसरी उत्पादनभन्दा आयातबाट साढे ६ गुणा बढी राजस्व उठ्नुले मुलुक उत्पादनभन्दा व्यापारतर्फ केन्द्रित भएको देखिन्छ । परनिर्भरताको पराकाष्ठतर्फ मुलुक लम्किँदा पनि अर्थतन्त्रलाई सुधार गरी आत्मनिर्भरतातर्फ जाने ठोस नीति सरकारले लिन सकेको छैन ।

सरकारले भन्सार महसुल पनि आयातको तुलनामा निर्याततर्फ नगन्य मात्रामा उठाएको छ । महालेखाको तथ्यांकअनुसार पुस मसान्तसम्ममा आयातबाट १ अर्ब ६९ करोड भन्सार महसुल उठाउँदा निर्यातबाट ३४ करोड मात्रै उठाएको छ । त्यस्तै सरकारले यसै अवधिमा ३४ अर्ब ४८ करोड रूपैयाँ आयातबाट अन्त:शुल्क उठाएको छ भने अन्य आयबाट १ अर्ब ६१ करोड रूपैयाँ राजस्व उठेको छ । यस आ.व.को ६ महिनामा कर राजस्व ४ खर्ब ९४ अर्ब र गैर कर राजस्व ४८ अर्ब गरेर ५ खर्ब ४२ अर्ब जम्मा राजस्व संकलन गरेको छ ।

परनिर्भरताको पराकाष्ठ पार गरिसकेको सरकारले पुँजीगत खर्च बढाउन नसकेका कारणले बैंकहरू तरलताको चरम अभाव झेलिरहेका छन् । सरकारको ढिकुटीमा जम्मा भएको विकास बजेट ६ महिनाको अवधिमा १३.४४ प्रतिशत मात्र खर्च हुनुले सरकारको कार्यशैली क्षमतामाथि गम्भीर प्रश्न चिन्ह खडा भएको छ । सरकारले यही अवधिमा ३६.८ प्रतिशत चालु बजेट भने खर्च गरिसकेको छ । प्रत्येक वर्ष सरकारको पुँजीगत बजेट खर्च गर्ने क्षमतामा ह्रास आइरहेको छ । सरकारले विकासका कामलाई तीव्रता दिन सकेको छैन । कृष्णप्रसाद भट्टराईको पालामा देखेको मेलम्चीको सपना तीन दशकमा पूरा नभएको उदाहरणले हाम्रो सरकारको कार्यक्षमता र दक्षता छर्लङ्ग हुन्छ । राष्ट्रिय गौरवका थुप्रै योजनाहरू वर्षौं बितिसक्दा अधुरै रहेका छन् । सरकारको प्राथमिकतामा विकास निर्माण गरेको देखिँदैन । सत्ताको सिँढी चढ्ने ओर्लने अस्थिर गतिविधिले निरन्तर प्रश्रय पाएका कारण पनि सरकार विकासतर्फभन्दा पनि सत्ता टिकाउनेतर्फ मात्र केन्द्रित देखिन्छ ।

सरकारले नागरिकले तिरेको करको सही सदुपयोग नगर्ने हो भने उसलाई सत्तामा बसिरहनुको औचित्य देखिँदैन । सिंगापुर र स्वीट्जरल्यान्ड बनाउने सपना जनतालाई देखाएर विश्वको सबैभन्दा भ्रष्ट र कंगाल मुलुक बनाउनेतर्फ पटक पटक फेरिने सरकारले बल पुर्‍याइरहेका छन् । अनावश्यक मुद्दामा अल्झेर जनताको ध्यान त्यतातिर लगाउने र आफू लुटको स्वर्ग खडा गर्नेतर्फ लागिरहने क्रियाकलाप सिंगो सरकार र मन्त्रीहरूको देखिन्छ । जनताको ध्यान अहिले एमसीसी विवादमा लगाएर सिंगो मुलुकलाई तनावग्रस्त बनाइएको छ । ढिकुटीमा भएको पैसा खर्च गर्न नसक्ने सरकारले अमेरिकाबाट ५५ अर्ब ल्याएर देश भराहरा बनाउने सपना देखाइरहेको छ । मुलुकमा नयाँ उद्योगधन्दा खोल्ने, रोजगार सिर्जना गराउने, अनावश्यक माल, वस्तुहरूको आयात रोक्ने, निर्यातमूलक उद्योगलाई प्रोत्साहन गर्नेतर्फ सरकार लागेको देखिँदैन । मुलुकलाई बहुराष्ट्रिय कम्पनीहरूको माल बिक्री गर्ने खुला बजार बनाएर त्यसबाट आएको दुई, चार पैसा राजस्व खाने नीति सरकारले परिवर्तन नगरेमा मुलुक भीरतर्फको दौडमा जाने निश्चित छ ।

# भारतलाई यसरी साइजमा ल्याउन सकिन्छ



## सुरेन्द्र ढकाल

सन १८०२ मा जुन बेला विशाल नेपाल बन्यो त्यतिखेर नेपालको उत्तरी छिमेकी चिनिया हुङ वंश थियो । तिब्बत भन्ने स्वतन्त्र देश नै थिएन । दक्षिणपूर्वी छिमेकीको रुपमा स्वतन्त्र बंगालको नवाव थियो । दक्षिणी छिमेकी अवधको नवाव थियो अनि दक्षिण पश्चिमको छिमकी सिख महाराजा थिए । भारत भन्ने देशको नाम निशान थिएन ।

मोदीले हालै लिपुलेक भारतको हो भन्दै कैलाश मानसरोवर जाने छोटो बाटो बन्दै गएको जानकारी गराएका छन् । सुगौली सन्धिलाई भारत मान्छ भने ब्यास क्षेत्र (लिम्पियाधुरा, कालापानी, लिपुलेक) नेपालको हो । मान्दैन भने टिस्टा काँगडासम्म नेपाल हो । सन १९५० को नेपाल भारत सन्धिको धारा ८ ले सुगौली सन्धि खारेज गरेपछि नेपालको सीमा स्वत: पूर्वमा टिस्टा नदी र पश्चिमा काँगडा पुगेको छ । अब भारतलाई साइजमा ल्याउने हो भने निम्नानुसार काम नेपाल सरकारले गरेर देखाउनु पर्छ अनि मात्रै भारतलाई साइजमा ल्याउन सकिएला अन्यथा जारी गरिएको चुच्चे नक्सा अझ कयौ दशकसम्म



भित्तामै सीमित हुने मात्र होइन नेपाल भन्ने देश नै भारतले खाने बेर लाग्ने छैन ।

१) सबैभन्दा पहिले अहिले जारी गरेको चुच्चे नक्सा खारेज गर्दै टिस्टा काँगडासहितको नेपालको नक्सा जारी गरी नेपालको संविधानमा अंकित गर्नुपर्दछ ।

२) हाल नेपाल–चीन उत्तरी सीमा स्तम्भ नं १ बाट सुरु भएको छ । सामान्यतया सीमास्तम्भ शून्यबाट सुरु हुन्छ । तसर्थ नेपाल–चीन संयुक्त सैनिक टोली गएर महाकाली नदीको उद्गमस्थल लिम्पियाधुराको नेपाल–चीन सीमामा शून्य नम्बरको सीमास्तम्भ तुरुन्त गाड्नुपर्दछ ।

३) भारतमा रहेका सबै गोरखा सैनिकहरूलाई उही पद, उही तलब र सुविधा दिने गरी नेपाल फिर्ता बोलाउनुपर्दछ ।

४) भारतले सीमा मिचेको सबै ठाउँहरूमा नेपाली सेना तैनाथ गर्नुपर्दछ ।

५) राष्ट्रिय प्राथमिकतासहित चीनसँगका नाकाहरू सकेसम्म बढी खोली चीनका बन्दरगाह प्रयोग गर्दै चीन र यसका सबै छिमेकीहरूसँग निर्यात व्यापार प्रवर्द्धन गर्नुपर्दछ ।

६) भारतीय दादागिरीविरुद्ध सहकार्य गर्ने गरी दक्षिण एसियाका अन्य राष्ट्रहरू श्रीलंका, भुटान, बंगलादेश, पाकिस्तान र माल्दिभ्सबीच सामूहिक सुरक्षासम्बन्धी सैनिक सम्झौता गर्नुपर्दछ ।

माथि भनेको १ नम्बरको कार्य सुरु गर्नासाथ भारतको विखण्डनको शुरुवात हुन्छ । बंगलादेश–नेपालबीचको नेपाली भूमि (चिकननेक) छुट्टिनेबित्तिकै पाकिस्तान टुक्री बंगलादेश बनेको जस्तै अरुणाचल प्रदेशमा मात्रै आसाम, मणिपुर, नागालैण्ड, त्रिपुरा लगायतका विभिन्न देशहरू स्वतन्त्र बन्ने अभियान सुरु हुन्छ । उता कास्मिरको स्वतन्त्रताले गति लिन्छ अनि दबाइएको सिख स्वतन्त्रताको द्योतक खालीस्तान आन्दोलन पुनर्जीवित हुन्छ ।

माथि भनेको २ नम्बरको कार्य गर्नासाथ चीन–नेपाल उत्तरी सीमा ब्यवस्थापन सम्पन्न मात्रै हुँदैन लिम्पियाधुरासम्म नेपाल हो भन्ने कुरा अन्तर्राष्ट्रिय रुपमा प्रमाणित हुन्छ ।

माथि भनेको ३ नम्बरको कार्य गर्नासाथ गोरखा सैनिक नेपाल फिर्ता हुन्छ र फ्रन्टलाइनमा लड्ने सिपाहीको अभावमा भारत पाकिस्तानसँग सैनिक टक्कर लिन सक्ने अवस्था रहँदैन ।


माथि भनेको ४ नम्बरको कार्य गर्नासाथ नेपालको भारतसँगको विवादास्पद सीमामा सिधै सैनिक टक्कर सुरु हुन्छ जसले गर्दा भारत ठिक कि नेपाल ठिक भन्ने बहसले इजरायल–पेलेस्टेनी जत्तिकै अन्तर्राष्ट्रिय महत्व पाउँछ र विश्वमा भारत र नेपालको विवादको कारण नयाँ ध्रुवीकरण






सुरु हुन्छ जसले चीनलाई तान्ने नै छ । तिब्बती शरणार्थीहरूलाई धर्मशालामा दलाई लामाको नेतृत्वमा तिब्बती निर्वासन सरकार चलाउन दिइरहेको भारतको पक्षमा र नेपालको विपक्षमा चीन उभिने सम्भावना नै रहँदैन किनकी राजा वीरेन्द्रको पालामा शाही सेनाले सफलताका साथ दबाएको तिब्बती खम्पा विद्रोह चीनले कहिल्यै बिर्सन सक्ने कुरै हुँदैन ।

माथि भनेको ५ नम्बरको कार्य गर्नासाथ भारत परिवेष्ठित नेपाल अर्थतन्त्रले नयाँ मोड लिई भारतीय परनिर्भरताबाट नेपाल सदाको लागि मुक्त हुन्छ । अनि नेपालको विकासले भारतको आर्थिक वृद्धिदरलाई उछिनी नेपाल बढी विकसित हुनेबित्तिकै मेची महाकालीको नेपालले नचाहे पनि







स्वत: टिस्टा काँगडाका जनता सीमा भत्काएर नेपाल आउनेछन् र बर्लिनको पर्खाल ढली पूर्व र पश्चिम जर्मनीबीच एकीकरण भएजस्तै विशाल नेपाल पुनर्एकिकरण हुनेछ ।

माथि उल्लेख भएअनुरुप ६ नम्बरको कार्य सुरु गर्नासाथ भारतविरुद्ध लक्षित सामूहिक सुरक्षा प्रणाली क्रियाशील हुन पुग्छ जसले भारतको दादागिरीलाई सोझै टक्कर दिनेछ र माथि उल्लेख गरिएको ६ वटै कार्य सम्पन्न हुनासाथ भारतको अवस्था बेलायती उपनिवेशअघिको अवस्थामा पुग्ने छ जसको फलस्वरुप या त भारत भन्ने देश नै रहनेछैन रहे पनि सानो साइजको हुनेछ ।

# गठबन्धन सरकार कछुवाको गतिमा



## गोविन्द विक

गोविन्द विक

नेकपा (एमाले) को नेतृत्वमा रहेको सरकार अल्पमतमा परी सरकारबाट बाहिरिएपछि नेपाली कांग्रेसको नेतृत्वमा नेकपा (माओवादी) एमालेबाट चोइटिएको एकिकृत समाजवादीलगायतका राजनीतिक दलहरूको सहकार्यमा गठबन्धन सरकार बनेको ६ महिना पूरा भएको छ । गठबन्धन सरकारले मन्त्रीपरिषद विस्तारमा नै तीन महिना बितायो भने बाँकी तीन महिना आआफ्नै पार्टीको महाधिवेसनमा समय बित्यो ।

गठबन्धन सरकार अहिले कछुवाको गतिमा छ । देउवाले सरकारलाई आफू जस्तै बनाएका छन् । त्यसै त देउवाको चाल घस्रिने हो । देउवाको नेतृत्वमा न सरकार कुदेको छ न पार्टी । उनले आफ्नै गतिमा सरकारलाई चलाउँदा जनसरोकारका विषयहरू आज ओझेलमा परिरहेका छन् । जनसरोकारका समस्याहरू झनझन् चुलिँदै गएका छन् । तेस्रो लहरको कोरोना संक्रमण तीब्र रुपमा आँधीजस्तै फैलिँदैछ भने संक्रमण नियन्त्रणका लागि सरकारको काम एमदमै सुस्त रुपमा छ । लोकतन्त्र जोगाउनका लागि भनेर बनेको गठबन्धन सरकारको ६ महिने कार्यकालको उपलब्धि हेर्दा शून्य नै छ ।

जनताका समस्या जहाँको त्यहीँ छन् । सत्ता खोसिएको धङधडीले प्रतिपक्षी दल एमाले नियमित रुपमा संसद अवरोध गर्ने अभ्यासमा तल्लिन छ । प्रमुख प्रतिपक्षी दलका अध्यक्ष केपी शर्मा ओली र प्रधानमन्त्री देउवाबीच भेट भए तापनि संसदको निरन्तर अवरोध हटाउने विषयमा उपलब्धिमूलक छलफल भएको छाँट देखिँदैन । जनताका सर्वोपरि समस्याहरूको बारेमा आवाज उठाउने थलो नै संसद हो जुन निरन्तर अवरोधको मारमा छ ।

कोरोना खोप आयत भए तापनि जनताले खोप लगाउन पाएका छैनन् । खोप भण्डारण गरेर राखिएको छ । सबैलाई दोस्रो डोजको खोप दिएपछि बुस्टर डोज दिने भनिएको थियो तर धेरै जनताले पहिलो डोजको खोप पनि पाएका छैनन् । संक्रमण नियन्त्रणका लागि पैदल तथा हवाईनाकाहरूमा कडाइ गर्ने, स्वास्थ्य मापदन्डमा कडाइ गर्ने जस्ता उपायमा सरकार उदासिन छ । सर्वसाधारणले चर्को शुल्क तिरेर पीसीआर परीक्षण गर्न बाध्य छन् । कन्ट्र्याक ट्रेसिङको कुरा त झनै परको विषय बनिरहेको छ । धेरैजसो स्थानीय तहमा प्रतिपक्षी दलको पकड छ त्यसकारण पनि राजनीतिक पूर्वाग्रह साँधेर स्थानीय तहहरूले नियमित रुपमा संक्रमण रोक्ने उपाय खोजेको पाइँदैन ।

तालिका अनुसार खोपको व्यवस्थापनमा पनि स्थानीय सरकारले मतलब गरेको छैन । प्रदेश सरकार त कुन कुनामा के गर्दैछ कसैलाई पत्तो नै छैन । सरकारको काम छिटो छरितो र जनमुखी बनाउने भन्दै उच्च स्तरीय राजनीतिक संयन्त्र बनाए पनि त्यसको प्रभाव देखिएन । एमसीसीको मुद्दा अलपत्र छ । सीमा विवादको मुद्दा पनि त्यत्तिकै अलपत्र छ । लामो समय लकडाउनले थिलोथिलो बनाएको अर्थतन्त्र व्युँझेको मात्र छ तर उठेको छैन । स्थानीय तहको चुनाव संघारमा आएको छ । महङगीलगायतका जनसरोकारका विषयमा सरकार बेखबर जस्तै भइरहेको छ । इतिहासलाई फर्केर हेर्दा पनि देउवाको नेतृत्वमा बनेका सरकारहरूले जनस्तरमा प्रभावै पार्ने खालका काम गरेको देख्न र सुन्न पाइएको थिएन भने अहिले पनि देउवा सरकार निदाएको छ भने प्रमुख प्रतिपक्षी दललाई कसरी हुन्छ संसद अवरोध गर्ने र जनताका आवाज बन्द गर्ने भन्ने ध्यानमा छ । यसको चपेटामा जनता पिँधिइरहेका छन् ।

संकटबाट लोकतन्त्र जोगाउनका लागि गठबन्धन सरकार अग्रसर भए तापनि जनताका समस्या निराकरणमा भने उदासिन छ । मानव अधिकार उल्लंघनका घटनामा कुनै कमी आएको छैन । विदेश पलायन हुनेहरूको जमात बाक्लिँदैछ । महिलामाथि हुने हिंसाहरू रोकिएका छैनन् । दलित समुदायमाथि ज्यादती मौलाउँदै गएको छ । सुशासनको अनुभूति गर्न पाइएको छैन । सरकार आफ्नै चालमा छ । जनताको अपेक्षा र आसाअनुसार काम शून्य छ । जुन जोगी आए पनि कानै चिरिएको भन्ने नेपाली उखान अहिलेको सरकारको कामले चरितार्थ गराएको छ ।


# मैले देखेको १९२ औं विश्व पर्यटकीय स्थल

# मार्सेको क्याथेड्रल

सुरेन्द्र ढकाल



बाहिरबाट हेर्दा क्याथेड्रल यस्तो देखिन्छ



क्याथेड्रलको गजुर



क्याथेड्रलको मुख्यद्वार



क्याथेड्रलभित्रको स्तम्भ र दलिनमा गरिएका कलाकृतिहरू




गहन कलाले परिपूर्ण क्याथेड्रलभित्रको मञ्च (अल्टर)



क्याथेड्रलको विशाल प्रार्थना कक्ष



गोलाकार सिसाको कलात्मक झ्याल



क्याथेड्रलको प्राचीन भग्नावशेष



क्याथेड्रलभित्र रहेका कलात्मक सिसाका झ्यालहरू

१ जुलाई २०१३ को बिहान ११:३० बजेतिर हामी वार्सेलोनाबाट फ्रान्सको Marseille शहरतर्फ लाग्यौं। बिहान मार्से पुग्नु दुई घण्टा अघिदेखि नै रेलबाट भूमध्यसागरको पश्चिम तट सूर्योदयमा निकै मनोहर देखिन्थ्यो। हरेक दिन पैदलै विश्व सम्पदा अवलोकन गर्दै हिँडेका हामी, अनि रातिको रेलले गर्दा थकित नै थियौं। कृष्ण दुलालजीको बढी हिँडाइले पैतला सुनिएको थियो। हामी मार्से आइपुगपछि रेलवे स्टेसन नजिकैको एक डिपार्टमेन्टल स्टोरबाट केही फलफूल किनी नजिकैको क्याथेड्रलको चोकमा बसेर फलफूल खायौं। त्यसै दिन हामी मार्सेबाट फ्रान्सको अर्को सहर निस पुग्ने योजनाबमोजिम करिब १ घण्टा जति त्यहाँको क्याथेड्रल अवलोकन गर्न भनी त्यसतर्फ लाग्यौं।

**मार्से (Marseille) को क्याथेड्रल**

यो युरोपियन सहरका अन्य चर्चजस्तै रोमन क्याथोलिक क्याथेड्रल रहेछ र फ्रान्सको राष्ट्रिय स्मारकभित्र पर्दो रहेछ। यो क्याथेड्रल सन् १९४६ सम्म आर्कविशप स्तरको चर्च रहेछ। १२ औं शताब्दिमा बनेको यस क्याथेड्रलको पुरानो र सानो अंश नयाँ क्याथेड्रलकै छेउमा रहेछ। क्याथेड्रलको मुख्य भाग हलको दुई लहर Nave सन १८५० मानै नयाँ क्याथेड्रल बनाउने क्रममा भत्काइएको रहेछ। तर त्यसको संगीतकक्ष भएको एक लहर (Choir) चाहि बाँकी छोडिएको रहेछ जसलाई Vieille Major भनिदो रहेछ। अहिलेको क्याथेड्रल Nouvelle Major चाहि बिजाइन्टन र रोमन शैलीमा निर्माण भएको रहेछ जसको शिलान्यास फ्रेन्च सम्राट नेपोलियन तेस्रोले सन १८५२ मा गरेका रहेछन् र निर्माण पश्चातको प्रथम प्रार्थना सभा भने सन १८९३ मा भए तापनि पूर्ण निर्माण कार्य सन १८९६ मा मात्रै सम्पन्न भएको रहेछ। सान्ता मारिया माज्जोर नामले चिनिने यस चर्च सहायक वासिलिका स्तरको रहेको र यसको वास्तुपूजा भने सन १८९७ मा भएको रहेछ।

यस क्याथेड्रलको निमार्ण पाँचौ शताब्दिदेखि वासिलिका रहेकै ठाउँमा गरिएको रहेछ। मुख्य आर्किटेक्ट Léon Vaudoyer को अगुवाइमा बनेको यस क्याथेड्रलको लम्बाइ १४२ मिटर र मुख्य गजुर Cupola ७० मिटर अग्लो रहेछ। ३००० जना एकैपटक बसी प्रार्थना गर्ने सुविधा भएको यस क्याथेड्रल फ्रान्सको ठूलो क्याथेड्रलमध्ये एक मानिँदो रहेछ। यस क्याथेड्रलभित्रका कलात्मक शिशाका झ्यालहरू, स्तम्भ र दलिन गरिएका ललितकलाहरू र मुख्य प्रार्थनाकक्षको मंच (Alter) र त्यस वरिपरिका श्रृंगार र सजावट निकै कलापूर्ण रहेछ। विशेष गरी कलापूर्ण शिशाको गोलात्मक झ्याल क्याथेड्रलको विशेषताभित्र पर्दो रहेछ। बाहिरबाट हेर्दा क्याथेड्रल जति आकर्षक छ त्यति नै भित्र कलाको खानी रहेको हामीले महसुस गर्‍यौं।

क्याथेड्रलभित्र एक घण्टा निमेषमा बितेको जस्तो लाग्यो। हामी त्यहाँबाट सोझै मार्सेको रेलवेस्टेशन फर्कियौं र करिब दुई बजेतिर हामी फ्रान्सको अर्को शहर निसतर्फ लाग्यौं।

# इतिहासको कठघरामा केपी ओली



**खगेन्द्र ढकाल**

वि.सं. १७९९ मा पृथ्वीनारायण शाहको राज्यारोहण पछि करिब पचास-साठीको संख्यामा रहेका बाइसी-चौविसी लगायतका स-साना राजा-रजौटाहरूलाई एकिकरण अभियानको सफलता पश्चात विशाल नेपालको मानचित्र विश्व भूगोलमा स्थापित हुन पुग्यो। इतिहासको पानालाई हेर्दा पृथ्वीनारायण शाहपछि उनका उत्तराधकारी शाहवंशिय राजाहरू मध्ये तत्कालिन अवस्थामा समसामयिक एवं सर्वाङ्गिण विकासको अवधारणाको मार्गचित्र कोरी राष्ट्रलाई अघि बढाउने प्रयास दशौं राजा महेन्द्रमा मात्र देखियो भन्नु पर्दा अतिसयोक्ति नहोला। अत्यधिक बहुमत प्राप्त निर्वाचित सरकारलाई अपदस्त गरी सत्ताको बागडोर आफ्नै हातमा लिई निरङ्कुश शासन चलाएका राजा महेन्द्रको शासनकाललाई लोकतन्त्रको कसीबाट मुल्यांकन गर्दा कालरात्रीको रुपमा समेत चित्रण हुने गरेको छ।

नेपालको इतिहासमा प्रथम प्रधानमन्त्री भिमसेन थापाले आन्तरीक तथा वाह्य औपनिवेशिक शक्तिहरूलाई समेत सन्तुलनमा राखी मौलिक ढंगले ३२ वर्षसम्म राज्य सुसंचालन गर्न सफल भए। उनी पछि प्रधानमन्त्रीको रुपमा जंग बहादुर राणाले ३१ वर्ष त्यसैगरी चन्द्र समशेरले २८ वर्षसम्म राज्यशक्ति आफैंमा केन्द्रित गरी मुलुकको बागडोर संचालन गरेका थिए। २००७ सालमा जहाँनिया राणा शासन हटेर प्रजातन्त्र बहाली भएपश्चात तत्कालिन राजाहरूको सर्वसाधारण नेताका प्रतिनिधि मार्फत राज्यसंचालन भएको देखाउने प्रयास गरे। राणा शासनको अवसान पश्चात हालसम्म ७१ वर्षको अवधिमा ५४ वटा सरकार मार्फत यो मुलुक संचालन भइसके। औसतमा एक वर्ष ४ महिना समयावधिका सरकार मार्फत चलेको यस मुलुकको सबैभन्दा लामो अवधिका प्रधानमन्त्रीत्व काल गिरिजा प्रसाद कोइरालाको ३ वर्ष ६ महिना (१२८४ दिन) को रह्यो।

कुनै पनि राष्ट्रका लागि नेतृत्व गर्ने सरकारको अवधि न्यूनतम पाँच वर्षको चाहिन्छ भन्ने तथ्य विश्वका अधिकांश मुलुकहरूमा भइरहेका प्रयोगहरूले पुष्टि गरेको छ। तर नेपालमा भने काम भन्दा नामका लागि मात्र सरकार गठन विघठन भइरहेका छन्। अधिकांश सरकारहरू गठन पश्चात आन्तरीक र बाह्य जंजाललाई चिरेर अघि बढ्ने चुनौतिमै रुमल्लिएका देखिन्छन्। हरेक नवगठित सरकार आफ्नो कार्ययोजना तयार गर्दागर्दै अर्थात कार्यान्वयनमा नआँउदै सरकारबाट बहिर्गमन हुनुपर्ने परिस्थीतिहरू बारम्बार दोहोरीएका छन्।

निरंकुश जहानियाँ शासन २००७ सालमा हटे पछि देशको भविष्य सुनिश्चित गर्ने व्यवस्थाको खोजीक्रममा २०१५, २०१७, २०३६, २०४६, २०५२, २०६३ र २०७२ सालमा विभिन्न किसिमका राजनैतिक मोडहरू आए। कुनै पनि देशलाई अघि बढाउन स्थिर राजनिती नै प्रमुख एवं निर्णायक तत्व बहुमतप्राप्त गरी के.पी ओलीको नेतृत्वमा गठीत सरकार पनि तीन वर्ष पाँच महिना (१२४५ दिन) नपुग्दै ढलिसकेको छ। उक्त ओली सरकारका उपलब्धी साथै कमजोरी पक्षहरूलाई कुनै राजनैतिक रंगको चस्माले नहेरी विवेचना गरिएको छ।

यस सन्दर्भमा पुष्पकमल दाहाल 'प्रचण्ड' को नेतृत्वमा रहेको नेकपामाओवादी र खड्ग प्रसाद ओलीको नेतृत्वमा रहेको नेकपाएमाले विच भएको एकिकरण पछि बनेको नेपाल कम्युनिस्ट पार्टि (नेकपा) को ओली नेतृत्वको सरकारको सफलता र असफलताहरूलाई बुँदागत रुपमा विश्लेषण गरी इतिहासको कठघरामा उभ्याउने प्रयास गरिएको छ।

तुइन विस्थापन र सिण्डिकेट मुक्ति

ओली सरकार गठन भए लगत्तै मुलुकभर तुइनविस्थापन र सिण्डिकेट मुक्त गर्ने घोषणा गर्‍यो। विकट स्थानका नदीहरूमा निर्मित एउटा लट्ठामा झुण्डिएर एक किनारबाट अर्को किनारमा पार गर्नुपर्ने विवशतामा नेपाली वृद्ध-बृद्धा देखि स्कूलजाने वालबालिका समेतलाई उन्मुक्ति दिनका लागि दुई वर्ष भित्रमा मुलुकभरका सम्पूर्ण तुइन विस्थापन गर्ने महत्वाकांक्षी योजना घोषणा गर्‍यो। ओली सरकार पछि गठित देउवा सरकारले उक्तविषयमा कटाक्ष गर्दै प्रतिकृया व्यक्त गर्‍यो "ओली सरकारले सम्पूर्ण तुइन विस्थापन गर्ने घोषणा मात्र गर्‍यो, अझै १२ वटा तुइन विस्थापन भइसकेका छैनन्।" तुइनविस्थापन भनेको यथास्थितिको तुइन हटाउनु संगसंगै नयाँ झोलुंगे पुलको निर्माण पनि भएकाले यो करा चानेचुने कुरा थिएन। जति संख्यामा सम्पन्न भयो त्यसमा सन्तोष मान्नु मा नै बुद्धिमत्तो देखिएला।

नागरिकले मुलुकका सडकमा निर्वाध रुपमा उपभोग गरी सवारी साधन चलाउन पाउने मौलिक अधिकारमा धावा बोल्दै पहुँचवाला "दादा" हरूले आफ्नो मात्र गाडि चलाउने र अन्यको निषेध गर्ने परिपाटी 'सिण्डिकेट प्रणाली' बाट मुक्त गर्ने घोषणा नब गठित सरकारले गर्‍यो। झट्ट सुन्दा मध्ययुगिन निरंकुश व्यवस्थामा मात्र सम्भब हुन सक्ने यस्तो सिण्डिकेटको जंजाल यो पङ्तिकार आफै म्याग्दिको बेनी देखि मुस्ताङ हुँदै मुक्तिनाथको यात्रामा भुक्तभोगी भएको थियो। कार्यक्रम घोषणा गर्न सजिलो हुन्छ तर कानुन हातमा लिएर हिडने "डन" हरूलाई तह लगाउनु साँच्ची नै



चुनौतिपूर्ण हुन्छ। सरकार कमजोर देखिए यस्ता तत्व फेरि सक्रिय हुन पनि सक्छन्। विगतमा भएको सिण्डिकेट प्रणाली हाल विद्यमान नरहेको र अन्य स्थानहरूमा पनि हटिसकेको अनुमान गर्न सकिन्छ।

**संघियता कार्यान्वयन चुनौति**

२०६३ सालको गणतन्त्र पश्चात नयाँ संविधान निर्माण गरी लागु गर्न करिब एक दशकको प्रशव पिडामा मुलक गुज्रिन पुगेपश्चात प्राप्त तीन तहगत संरचनाको परिकल्पना गरिएको संघियता व्यवहारमा कार्यान्वयन गर्नु चुनौतिपूर्ण रह्यो। सात प्रदेश सरकार सहितको व्यवस्था हाम्रो जस्तो सानो क्षेत्रफलको राष्ट्रको लागि अव्यावहारीक र बजेटले धान्न नसक्ने विश्लेषण यथास्थितीवादी, प्रतिगाामी तत्वहरू देखि लिएर विद्धान तथा सर्वसाधारण समेतले आम रुपमा गरिरहेको बखत नयाँ संविधानले अङ्गिकार गरेको यस किसिमको ढाँचा मा ढाल्न भौतिक संरचनाहरू समेतको अभाव थियो। प्रदेशको राजधानी तोक्नु र प्रदेशको नामाकरणमा सर्वसम्मत हुन नसक्ने र सो बाट सिर्जना हुन सक्ने आन्दोलनलाई थेग्नु पनि ठूलै हाउँगुजी थियो। प्रादेशिक र स्थानिय सरकार अन्तर्गत सरुवा भएर गएमा भविष्य अन्यौल र अन्धकार हुन सक्ने भयले ग्रस्त कर्मचारी समेतको व्यवस्थापन गर्नका लागि विभिन्न हथकण्डा प्रयोग गरी कर्मचारी व्यवस्थापन चुनौती पार लगाउन सफल भयो। तहगत चुनाव छोटो समय अवधि भित्रै सम्पन्न गरी स्थानिय तहमा सिंहदरवारको उपस्थितिको अनुभूति गराउनु कम चुनौतिपूर्ण थिएन। स्थानिय तहको चुनाव दुई दशकदेखि हुन नसकेका कारण सरकारी कर्मचारीबाट स्थानिय निकायका सचिवको अधिनमा सिमित हुन पुगेको थियो। स्थानिय तहका विकास निर्माणको कार्यमा सुस्तता भएका कारणले नेता र नेतृत्व प्रति वितृष्णाका स्वर सर्वत्र छाइरहको थियो। स्थानिय तहमा पुनः सरचना गरी यथास्थितीका गाउँ विकास समिति (गा.वि.स) लाई झण्डै एउटा वडाको स्वरुप दिई करिब ८० प्रतिशत संख्या घटाई ७५३ स्थानिय निकाय बनाइयो। अधिकार सम्पन्न स्थानिय निकायले स्थानिय आवश्यकता पहिचान गरी समग्र विकासमा छलाङ् मार्न प्रयास गरेको पाइयो। यद्यपी प्रदेश सरकारको औचित्य र प्रभावकारीता भने प्रष्ट हुन सकेन।

**चुच्चे नक्सा**

वि.सं. १८७२ मा भएको सुगौली सन्धी अनुसार महाकाली नदी लाई सीमा नदी कायम गरी नदीको पूर्वपट्टि रहेको लिम्पियाधुरा लगायतको भुभाग नेपालको निर्विवाद भूमी हो। भारत - चिन युद्ध (वि.सं २०१८-२०२०) पश्चात कालापानी क्षेत्रमा भारतिय सैनिक जरा गाडेर बसेपछि लिपु खोला देखि पश्चिममा त्रिकोणात्मक चुच्चे आकारमा रहेको ३४७ वर्ग कि.मी क्षेत्रफलमा रहेको नेपालको भूमि भारतिय सैनिकले कब्जा गरिराखेको थियो। यसै विच ओली सरकाले सर्वदलिय सहमति गराई करिव ६० वर्ष देखि भारतको नियन्त्रणमा रहको उक्त भूभाग लाई समेटी बनाएको चुच्चे नक्सालाई नेपालको सार्वभौम संसदबाट सर्वसम्मत अनुमोदन गर्न सफल भयो। संसारको सबैभन्दा ठूलो लोकतान्त्रिक मुलक का रुपमा चिनिने भारतको कर्तुत नङ्ग्याई सारा संसारलाई देखाउनु नेपालको लागि कम चूनौतिपूर्ण थिएन। विगतमा कुनै राजा र कुनै प्रधानमन्त्रीले उठाउन नसकेको कदम केपी ओलीले अघि बढाए। संसदबाट अनुमोदन भएको दुई वर्ष वितिसक्दा पनि भारतिय सैनिक निर्लज्ज भई कालापानी देखि लिम्पियाधुरा सम्मको भुभाग हडपेर बसिरहेको छन्। हालै नेपालको भुमीमा मानसरोवर जोड्ने सडकको स्तरोन्नती साथै धेरै ठूलो लगानी गरी स्थानीय जनतालाई प्रभाव पार्ने दुश्प्रयासका कार्यक्रमको प्रधानमन्त्री मोदीले निर्लज्ज भई घोषणा समेत गरेका छन्। तर भविष्यमा गुमेको उक्त भुभाग नेपालमै रहने कुरामा सम्पूर्ण नेपाली जनता विश्वस्त छन्। *(क्रमशः)*

## कुरिलोको फाइदा



कुरिलो लिलिएसी वानस्पतिक परिवारमा पर्ने काँडेदार अर्धलहरे, बहुवर्षीय बिरुवा हो। यसमा पातहरू मसिना घुम्रेका र सियो जस्ता हरिया रंगका हुन्छन्। फूल वास्ना आउने फिक्का हरियो, सेतो रंगका २ देखि ३ मिलिमिटर चौडा हुन्छन् र फूलहरू झुप्पामा फुल्छन्। सामान्यतः यसमा भाले तथा पोथी फूल छुट्टाछुट्टै बोटमा हुन्छ। यसको फूल फुल्ने समय वैशाखदेखि आषाढसम्म हो। यो १०० देखि २१०० मिटरसम्म पूर्वदेखि पश्चिमसम्मका तराई, मधेस, चुरे एवं महाभारत क्षेत्रका वनजंगलहरूमा पाइन्छ। विश्वमा ३०० प्रजातिका कुरिलो पाइने भए तापनि नेपालमा चार प्रजातिको कुरिलो अधिकारिक रुपमा भेटिएको छ। यसबाहेक यहाँ पाइने अनुमान गरिएका थप ४ वटा प्रजाति समेत जोड्दा जम्मा ८ वटा कुरिलोको प्रजाति पाइने अनुमान गरिएको छ। नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान, सातदोबाटोले यसको सर्लाही र धनुषामा पाइने विभिन्न प्रजाति भेराइटी पहिचान र आनुवांशिक रुपमा बारकोड तयार गर्नमा विगत १ वर्षदेखि अनुसन्धान गरिरहेको छ। व्यापारमा विशेष गरी यसको जराको महत्व रहेको छ।

कुरिलोको उत्पत्ति एसिया, रुस तथा उत्तरी युरोपमा भएको अनुमान गरिएको छ। कुरिलो विश्वमा महत्वपूर्ण तरकारीको रुपमा पनि खेती गरिन्छ। यो विभिन्न हावापानीमा हुर्केको पाइन्छ। जस्तै चिसो शमशितोष्ण हावापानी भएको जर्मनी, नेदरल्यान्ड, मरुभूमि भएको पेरु, भारत, अष्ट्रेलिया, अफ्रिका र नेपाल समेतमा पाइन्छ। नेपालमा मुख्यतः स्थानीय जंगली, विकासे तथा टुसा खाने जात तथा भेराइटिका कुरिलो खेती प्रचलनमा रहेका छन्। यसको खेती पौष्टिक तरकारी, औषधि र सजावटको रुपमा गरिन्छ। नेपालमा तरकारीको रुपमा केही मात्रामा काठमाडौं र नवलपरासी जिल्लाहरूमा यसको खेती गरिएको छ भने जरा उत्पादनका लागि झापा, मोरङ, सर्लाही, मकवानपुर, चितवन, दाङ, बाँके, बर्दिया आदि जिल्लाहरूमा खेती गरिएको पाइन्छ।

कुरिलोको उपयोग महत्वपूर्ण औषधि र तरकारीको लागि गरिन्छ। तरकारी खाने कुरिलो र जराका लागि उमारिने कुरिलो फरक फरक भेराइटिका हुन्। चैत वैशाखमा यसका टुसाहरू पलाउँछन् जुन तरकारीको लागि उपयोग गर्न सकिन्छ। यसमा भिटामिन 'ए' र 'के' पाइन्छ। यसका जराहरू मानिस र जनावरहरूको दूध वृद्धि गर्ने वनस्पतिको रुपमा प्रचलित रहेको देखिन्छ। यसको प्रयोग पिसाब खुलाउने औषधिहरूमा भएको देखिन्छ। भिटामिन 'ए' बढी पाइने भएको हुँदा आँखाको दृष्टि बढाउने औषधिहरूमा प्रयोग हुने गर्छ। यो स्वास्थ्यवर्धक तथा यौनशक्तिबर्धक औषधिको रुपमा प्रयोग हुने गर्छ। अमेरिकन मेडिकल जोर्नाल अनुसार क्यान्सरसँग लड्न सक्ने मेथोनाइन र भिटामिन ६ यसमा भेटिएको छ। कुरिलो क्यान्सर उपचारका लागि समेत प्रयोग गर्न सकिने अनुसन्धानबाट देखिएको छ।

बजारको उपलब्धता र उचित मूल्यमा खरिदको सुनिश्चितता भएमा कुरिलोको खेती विस्तार गर्न सजिलो हुन्छ। कुरिलोको माग राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा रहेको भए तापनि नेपालको कुरिलोको मुख्य बजार भारतको दिल्ली हो। यहाँ उत्पादन भएको कुरिलो विभिन्न माध्यमले स्थानीय व्यापारीमार्फत दिल्ली पुग्छन्। विगतका वर्षहरूमा हाइब्रिड कुरिलो रोप्ने कृषकहरूले राम्रो मूल्य प्राप्त गर्न सकेका थिएनन् भने स्थानीय कुरिलोको मूल्य क्रमशः बढ्दै गई गत वर्ष वि.सं.२०७० मा राम्ररी सुकेको जराको मूल्य ने.रु.५०० प्रतिकिलोग्रामसम्म (मकवानपुरमा) पुगेको स्थानीय कृषक तथा व्यापारीहरूले बताउँछन्। यस वर्ष कुरिलोको बजार मूल्य गत सालको तुलनामा उल्लेखनीय रुपमा घटेको पाइन्छ।

## समाचार संक्षेप

### प्रहरी अधिकृतहरूलाई दर्ज्यानी चिन्ह

काठमाडौं। नेपाल सरकार गृह मन्त्रालय मन्त्रीस्तरको निर्णय अनुसार प्रहरी नायव महानिरीक्षक र प्राविधिक प्रहरी वरिष्ठ उपरीक्षक तथा नेपाल सरकार गृह मन्त्रालय सचिवस्तरको निर्णय अनुसार प्राविधिक प्रहरी नायव उपरीक्षक र प्राविधिक प्रहरी निरीक्षक पदमा हालै पदोन्नति भएका २४ जनामध्ये २२ जना प्रहरी अधिकृतहरू दर्ज्यानी चिन्हद्वारा सुशोभित हुनुभएको छ।

प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीले प्रहरी प्रधान कार्यालयमा सोमबार आयोजित एक कार्यक्रमबीच पदोन्नति भएका प्रहरी अधिकृतहरूलाई दर्ज्यानी चिन्ह सुशोभन गर्नुभएको हो।

दर्ज्यानी चिन्हबाट सुशोभित हुनेहरूमा प्रहरी नायव महानिरीक्षक पूजा सिंह, प्राविधिक प्रहरी वरिष्ठ उपरीक्षक ई. राम कुमार चौधरी, ६ जना प्राविधिक प्रहरी नायव उपरीक्षकहरू र १४ जना प्राविधिक प्रहरी निरीक्षकहरू रहनुभएको छ। उक्त अवसरमा प्रहरी महानिरीक्षक थापा क्षेत्रीले पदोन्नति भएका प्रहरी अधिकृतहरूलाई बधाई दिँदै पदोन्नतिसँगै थपिएको जिम्मेवारी वहन गर्न क्रियाशिल हुनुपर्ने उल्लेख गर्नुभयो। कोभिड-१९को बढ्दो संक्रमणप्रति संवेदनशील एवम् चनाखो भई आफू र आफ्नो मातहत प्रहरी कर्मचारी परिचालन गर्न उपस्थित प्रहरी अधिकृतहरूलाई निर्देशन दिँदै उहाँले समाजमा हुन सक्ने सुरक्षा चुनौतिप्रति सजग र सचेत भई शान्ति सुरक्षा कायम गर्न अझ क्रियाशिल हुनुपर्नेमा जोड दिनुभयो।

### मृत अवस्थामा फेला

काठमाडौं। सिरहा, गोलबजार नगरपालिका-३ स्थित नमुना वस्ती बस्ने धनुषा गोदार घर भएकी मागी खाई हिँड्ने ४० वर्षीया कीडन्डा बाली भन्ने हिरा देवी सदाय आइतबार मृत अवस्थामा फेला परेकी छिन्।

रुपन्देही, बुटवल उपमहानगरपालिका-११ बस्ने ललितपुर, ललितपुर महानगरपालिका-४ घर भएकी ५० वर्षीया सुमीत्रा सुनार सोही ठाउँस्थित तिनाउ खोलाको किनारमा आइतबार मृत अवस्थामा फेला परेकी छन्।

### मोटरसाइकल दुर्घटनामा मृत्यु

कैलाली। धनगढी उपमहानगरपालिका-१६ पथरीस्थित गोकनरी खोलाको पुलमा सु.प.प्र ०१००९ प ५९७९ नम्बरको मोटरसाइकल आफैँ अनियन्त्रित भई शनिबार बेलुकी दुर्घटना हुँदा मोटरसाइकलमा सवार सोही उपमहानगरपालिका-१७ बस्ने ४० वर्षीय ऐतवारी रानाको घटनास्थलमै मृत्यु भएको छ।

### डुबेर मृत्यु

रौतहट। गौर नगरपालिका-४ सबगढा बस्ने राकेश साहको छोरा १ वर्षीय प्रिन्स कुमार साहको आफ्नै घर अगाडि रहेको पानीको नालामा डुबेर आइतबार बिहान मृत्यु भएको छ। डुबेर अशक्त भएका उनको जिल्ला अस्पताल गौरमा उपचारको क्रममा मृत्यु भएको हो।

### मृत अवस्थामा फेला

काठमाडौं। ललितपुर, बालकुमारी भोलढोका बस्ने काठमाडौं नैकाप घर भएका ६२ वर्षीय निर्मल थापा आइतबार मृत अवस्थामा फेला परेका छन्। बिहान मर्निङ वाक्मा निस्किएकोमा सडकमै उनको शव फेला परेको हो। नवलपरासी (पूर्व), विनयी त्रिवेणी गाउँपालिका-४ बगैंचा बस्ने ४० वर्षीया सरीता कुमाल आफ्नै घरबाट ५ सय मिटर टाढा गोरेटो बाटोमा आइतबार मृत अवस्थामा फेला परेकी छन्।

**नियात्रा**

# स्मृतिको क्यानभास-७

✍ **रामप्रसाद पन्त**

बाटो तेर्सो-उकालो र घुम्ती-मोडहरूमा रुपान्तरित हुँदै उकालो लाग्यो। अन्त कतै नदेखिएका कालो अनुहारका लङ्गुरहरू देखिए त्यस पखेरोमा। मसूरीमा हामीलाई स्वागत गर्ने मानिस कोही थिएन। त्यसैले हामीलाई एउटा बोर्डले स्वागत गर्दै थियो– 'पहाडकी रानी मसूरी में आपका स्वागत है।

थुप्रै गजुरहरू भएको शिवालय भेटियो बाटो छेउमै। त्यही सँगै एउटा सुन्दर गुम्बा पनि देखियो। हाम्रो पूर्वीय संस्कृति बडो उदार छ। जुनसुकै सम्प्रदायविशेष भए पनि सनातन धर्मसंस्कृतिका पक्षपातीहरूलाई उदार भावले सम्मान गर्छ। मन लागेको थियो, गाडी रोकाएर हेरुँ। तर एकसुरमा कुदिरहेको गाडीमा ब्रेक लगाउने हिम्मत भएन मलाई।

बाटोको छेउकुना ठडिएका स-साना बोर्डहरूले हाम्रो ध्यान आकर्षित गर्दै थिए– 'असावधानी बढी, दुर्घटनाकी कडी' 'दुर्घटना से देर भली ...।' 'धिमी गति जीवन बची।'

ड्राइभर होसियार थियो। उसले ध्यानपूर्वक गाडी चलाइरहेको थियो। चालकप्रति हाम्रो अविश्वास थिएन। थियो भने भूकम्पप्रति थियो। त्यो पनि टारेर टार्न नसकिने भएकोले परिआएको परिस्थिति शिरोधार्य गर्न तम्तयार भएर यात्रा जारी राख्यौं हामीले।

प्रिपेड ट्याक्सी रोक्ने निश्चित विन्दु रहेछ लक्ष्मीनारायण मन्दिर परिसर। हामी त्यहीं ओर्लियौं। समय ४:१५ मात्र भएको थियो र हामीसँग सामानको भारी पनि केही थिएन। तथापि मसूरीजस्तो पर्यटकीय ठाउँमा सर्वप्रथम बासको व्यवस्था गर्नु जरुरी थियो। हामी पहाडी पाखोमा बसेको त्यस मसूरी सहरमा उपयुक्त बासस्थानको खोजीमा तेर्सो बाटो अगाडि बढ्यौं। होटल रेष्टुराँ र रिसोर्टहरूले भरिभराउ त्यस मसूरी नगरीको एक ठाउँमा पूरै दूनप्रदेश स्पष्ट देखिने होटल भेटियो– होटल पेभिलोन। त्यो होटल




जवाहार एक्युरियमको नजिकै पर्दो रहेछ। काउन्टरमा भारतीय हिरो हिरोइनहरू– अक्षयकुमार, अभिषेक बच्चन, रितिक, दीपिका, सुस्मिता, क्याट्रिनाहरूका फोटोहरू राखिएको थियो। त्यो होटलको विज्ञापन थियो। ग्राहकहरूलाई आकर्षण गर्ने तरिका, अर्थात् हाम्रो होटलमा यस्ता यस्ता व्यक्तिहरू पनि आएर बसेका थिए भन्ने प्रचारबाजी।

कोठा भाडा र खानाको मेनु पनि सहुलियतपूर्ण लाग्यो। लजको भाडा सिजन र अफसिजन अनुसार डबलै फरक पर्दो रहेछ। त्यस्तै लेखिएको थियो मेनुमा। कार्तिक महिना, मसुरीको डाँडो अफसिजन त हुने नै भयो। त्यो सुविधा हामीले पायौं।

होटलद्वारा उपलब्ध सर्भिस कार्डमा लेखिएको थियो– 'ग्राहकबाट अनुरोध भएमा लजिङ, फुडिङ र डेली म्युजिक डान्सबाहेक मसाज र इच्छानुकूल उद्यमहरू अनि र्‍याफ्टिङ, क्याम्पिङ, क्यानोनिङ, ट्रेकिङ, रुफ क्लाइम्बिङ आदि गराइने र मसूरी एरियाका पर्यटकीय स्थलहरू– हेप्पी भ्याली, झरीपानी लेक र रोपवेबाट गुनहील घुमाउन सकिने इत्यादि कुरा उल्लेख गरिएको थियो। तर हामीले भोलिनै देहरादूनको साहित्यक एवं सम्मान कार्यक्रममा भाग लिनुपर्ने हुँदा यी सबैकुराबाट यसपटकलाई आँखा चिम्लियौं।

हामीले त्यो रात टेलिभिजन पनि हेरेनौं र समाचार पनि सुनेनौं। भिरमाथि ठडिएको त्यस होटलको झ्यालबाट तलपट्टिको कहालीलाग्दो दृश्य हेरेर भूकम्पको समाचार कसरी सुन्ने? त्यसैले हामीले दूनप्रदेशको झिलिमिली मात्र हेर्‍यौं र डुब्यौं कि पौडियौं कुन्नि चमत्कारिक रससागरमा! साँच्चिकै हामीले सोचेभन्दा बढी आनन्दानुभूति प्राप्त गर्‍यौं त्यो रात। त्यस रातको तुलना मैले त्यस यात्राभरिकै रातसँग गर्न सकिनँ। भूकम्पले ल्याएको मानसिक त्रास हामीले चटक्कै बिर्सियौं र मस्त निदायौं।

नालापानीबारे थप शिलालेख तथा अभिलेखहरू :

यो शिलालेख :

हाम्रा वीर दुष्मन एवं युद्ध किल्लाका कमाण्डर बलभद्र र उनको साथमा रहेका बहादुर गोर्खालीहरूको उच्च आदर तथा सम्मानका लागि जसले रणजीत सिंहको सैन्य सेवामा रहेर आफ्नो अन्तिम श्वास रहेसम्म अफगानी तोपहरूको सामना गरिरहे।

(खलङ्गा देहरादून)

यो चिहानभन्दा माथि पहाडको टुप्पोमा खलङ्गाको किल्ला अवस्थित थियो जुन किल्ला अक्टोबर ३१ र नोभेम्बर २७ तारेखका दुईवटा हमलापश्चात सन् १८१४ नोभेम्बर ३० तारेखमा ब्रिटिस फौजद्वारा कब्जा गरी क्षतविक्षत एवं ध्वस्त पारियो।

(खलङ्गा देहरादून)

देहायका वीर योद्धाहरूको स्मृतिमा :

मेजर जनरल सर रोवर्ट रोलो जिलेस्पी लेफ्टिनेन्ट ओहारा

लेफ्टिनेन्ट गोस्लिङ लाईट ब्याटलाईन

सैन्य अधिकृत फोदरजिल

सैन्य अधिकृत इलिस पायोनियर्स

जसले सन् १८१४ अक्टोबर ३१ तारेखमा सहादत प्राप्त गरे।

(क्रमशः)


# जोश म्युजिका : एक उदाहरणीय राष्ट्रपति



विष्णु भट्टराई

पद र सम्पत्तिका लागि राजनीति गर्नेहरूको बिगबिगी दुनियाँमा शान र शौकतको ऐयासी जीवन बाँच्ने सौखिन राजनीतिज्ञहरूको कमी छैन दुनियाँमा । पदीय मर्यादालाई धरौटी राखेर विचार र नैतिकताको सौदाबाजी गरेर सत्तामा पुग्ने र सत्ताको आडमा भ्रष्टाचार गरी अकुत सम्पत्ति कमाउने नेताहरू पनि त्यत्तिकै छन् । आफ्नो दल, कार्यकर्ता र आफन्तजनको स्वार्थलाई मध्यनजर राखेर राजनीति गर्नेहरूको भीड आजकल बाक्लिँदै छ । देश र जनताको हितका लागि राजनीति गर्नेहरू निःस्वार्थ सेवकहरूको खडेरी परिरहेका बेला यस्ता पनि राजनेता भेटिन्छन् जो सरकारी सुविधा समेत लिँदैनन् । सरकारी आवास गृह, सरकारी सवारी साधन, सुरक्षा दस्ता नलिई अहोरात्र जनताका निम्ति काम गर्छन् । सरकारी तलब र भत्ता समेत दीनदुःखीहरूलाई सहयोग गर्छन् । हो, उरुग्वेका पूर्वराष्ट्रपति जोस म्युजिका यस्तै राजनीतिज्ञ हुन् । जसले साधारण जीवन जिएर जनताका दुःखसुखमा हातेमालो गरेर आफ्नो राजनीतिक धर्म निर्वाह गरिरहेका थिए ।





सादा जीवन र उच्च विचारका उदाहरणीय नेताहरूको पनि विश्वमा कमी छैन । निजी र पारिवारिक स्वार्थलाई कति पनि महत्व नदिई देश र जनताका हितमा अहोरात्र खटिएर जीवन सिध्याउने राजनेता पनि विश्व राजनीतिमा नदेखिएका होइनन् । टाढातिर किन जाने, छिमेकी मुलुक भारतका महात्मा गान्धीले आजीवन चर्खामा बनेको घरेलु धोती लगाए । उनले आफ्नो परिवारलाई राजनीतिभन्दा सधैं टाढा राखे । गान्धीका वंश भारतीय राजनीतिमा आएनन् । बरु नेहरू परिवारले गान्धी टाइटल राखेर गान्धीको नाममा राजनीति गरिरहेको छ । सरदार बल्लभभाइ पटेलले 'कमाउने' तिर मनै लाएनन् । एक गरिब राजनेताकै पहिचानमा रहे उनी ।

मोतीलाल नेहरूका छोरा जवाहरलाल स्वतन्त्र भारतका पहिलो प्रधानमन्त्री भए तर उनले आफ्नै प्रकारको परिधान आजीवन पहिरिए । भारतीय स्वतन्त्रता संग्रामका क्रममा अथक दुःखसँग जुधे । जनताभन्दा उनले कहिल्यै आफू ठूलो हुन चाहेनन् । राजेन्द्रप्रसाद, राधाकृष्णन, लालबहादुर शास्त्रीहरूले पनि इमानदारी र निष्ठाको राजनीति गरे । शास्त्री राज्यको गृहमन्त्री हुँदै भारतको प्रधानमन्त्री समेत भए । उनले आफ्ना लागि एउटा राम्रो घर समेत बनाएनन् । उनको प्राणान्तपछि थाहा भयो बैंक ब्यालेन्स जम्मा १८ रुपैयाँ मात्र रहेछ उनको । जयप्रकाश नारायण, राममनोहर लोहिया जस्ता समाजवादी नेताहरूले पनि विल्कुलै सादा जीवनमा राजनीति गरेका थिए ।

दुई दशक बढीसम्म मुख्यमन्त्री रहेर पनि ज्योतिबसु साधारण मान्छेभन्दा भिन्न देखिन चाहेनन् । अहिले विहारका मुख्यमन्त्री नितिशकुमार, युपीका मुख्यमन्त्री योगी आदित्यनाथ त्यस्तै उदाहरणीय नेताको पहिचान बनाएका छन् । उनीहरूको चर्चा भारतको भावी प्रधानमन्त्रीमा भइरहेको छ । भारतका पूर्व राष्ट्रपतिहरु अब्दुल जे कालम र प्रणव मुखर्जी पनि साधारण भारतीयभन्दा पृथक कहिले देखिएनन् ।

अर्को छिमेकी मुलुक चीनका नेताहरूले पनि चिनियाँ जनताको औकातभन्दा माथिल्लो आफूलाई देखाउन चाहेनन् । चिनियाँ क्रान्तिका नायक माओ सैन्य ड्रेस नै लाउँथे अक्सर । निजी सम्पत्ति र निजी सौखलाई लिएर उनको बदनाम दुश्मनहरूले समेत गर्न सकेनन् । तर कान्छी पत्नी च्याङचिङका कारण जीवनको उत्तरार्द्धमा उनी विवादित बने । सांस्कृतिक क्रान्तिताका च्याङचिङ लगायतको ग्याङ अफ फोरले मच्चाएको उद्दण्डप्रति माओ बेखबरझैं रहनुले उनी आलोचनाबाट मुक्त रहेनन् । चिनियाँ प्रधानमन्त्री चाउएनलाई



ब्रिटेनका वेस्टन चर्चिल, अमेरिकाका अब्राहम लिंकन, रुसक लेनिन स्टालिन हुन् वा इन्डोनेसियाका मार्सल टिटो जनहितबाट ट्र्याक आउट भएको पाइँदैन । दक्षिणी अफ्रिकी अश्वेत नेता नेल्सन मण्डेला, क्युबाली क्रान्तिका अगुवा फिडेल क्यास्ट्रो, भेनेजुयलाका ह्युगो चाभेजले मुलुक, स्वाधीनता र जनताका पक्षमा राजनीतिलाई केन्द्रित गरे । अहिले पनि नर्वेका राजा तरकारी किन्न साइकल चढेर सब्जीमण्डी धेरैजसो साइकलमै यात्रा गर्थे । विलासी जीवनप्रति उनको चाहना कतै मुखरित भएन । भियतनामी नेता काका होचिमिन्हले जीवनभर पुरानै कपडा लगाए र देश र जनताको हितमा काम गरे ।

कम्बोडियाली नरेश नरोत्तम सिंहानुकले दरबारको सुख भोगभन्दा कम्बोडिया र त्यहाँका जनताको भविष्यप्रति नै सधैं चिन्ता जनाए ।

जान्छन् । यस्ता थुप्रै सज्जनहरू विश्व राजनीतिमा देखिएका छन् । पद, प्रतिष्ठा, व्यक्तिगत महत्वकांक्षा, आफ्नो पार्टी कार्यकर्ता र नातावादबाट माथि उठेर राजनीति गर्ने इतिहासमा जीवित रहन्छन् र राजनीतिका विद्यार्थीहरूलाई मार्गदर्शन गरिरहन्छन् ।

वर्तमान विश्वपरिवेशमा उरुग्वेका तत्कालीन नेता चर्चाको धरोहरमा रहे । हुन त शक्ति राष्ट्रहरूका मुखियाहरूकै नाम सञ्चारजगतमा आइरहन्छ । जो बाइडेन, सि जिन पिङ, भ्लादिमिर पुटिन, बोरिस जोन्सन, फ्रान्सेली राष्ट्रपति, जापानी प्रधानमन्त्रीकै गतिविधि पश्चिमा सञ्चारमाध्यमका हेड लाइन बन्छन् । मुलुक र मुलुकबासीका लागि निःस्वार्थ रुपले काम गर्ने राष्ट्रप्रमुखमा रहेका कतिपय राष्ट्रका राजनेताहरू समाचार बन्न सकिरहेका छैनन् । तर पश्चिमा सञ्चारमाध्यमहरूले जतिसुकै कन्जुस्याइँ गरे पनि उरुग्वेका राष्ट्रपति जोस म्युजिकाको प्रसिद्धि विश्वमा छाइरहेकै छ । सन् २००९ मा उरुग्वेका ४० औं राष्ट्रपतिका रुपमा विजयी हुँदा उनी सम्भ्रान्त पुलिस गस्तीमा राष्ट्रपति भवन ला रेसिडेन्सीया डी सुरेजमा जान चाहेनन् । बरु त्यो साँझ उनी आफ्नो १९८७ मोडेलको भोल्कसवागन विटलमा बसेर आफ्नी पत्नी लुसियाको साधारण फार्महाउसतिर हानिए । म्युजिकाको राजनीतिक दिशा कतातिर हुनेछ भन्ने त्यो साँझले देखाएको थियो ।

नेताहरूको जीवनशैली उनीहरूले प्रतिनिधित्व गर्ने आम नागरिकहरूको दैनिकीभन्दा धेरै विलासी हुने गरेको आरोप लाग्दै आएको छ । थुप्रै गरिब देशका नेताहरू भव्य महलमा बसोबास गर्छन् । गरिब देशहरू नेपाल, इथियोपिया, युगान्डा, मोजाम्बिक, सोमालिया, कंगो, हाइटी, रुवान्डा लगायतका देशका नेताहरूको जीवनशैली आम जनताको तुलनामा अत्यन्त उच्च र विलासी पाइन्छ । यस्ता देशका सांसदहरूले महँगा होटल सुइटमा डेरा जमाउने गर्छन् । तर उरुग्वेका राष्ट्रपति जोस म्युजिका भने पुरानो फार्म हाउसमा बसोबास गर्छन् । उनलाई राजधानी भोन्टेभिडियोमा अवस्थित राष्ट्रपतीय दरबारको मोह कहिल्यै पलाएन ।



वयोवृद्ध पूर्वराष्ट्रपति जोस म्युजिका आधुनिक महात्मा गान्धी जस्तै लाग्छन् । उनी शाकाहारी हुन् । धूमपान गर्दैनन् । कुनै कुलतको सिकारमा उनी कहिल्यै फसेनन् । राष्ट्रपति म्युजिका पत्नीको आधा भत्केको फार्महाउसमा बस्छन् । आफ्ना कपडा आफैं धुन्छन् र खुलामा तार टाँगेर सुकाउँछन् । चरम गरिब मुलुकका राष्ट्रपतिहरू पनि सुरक्षाको कारण देखाउँदै अर्बौं रुपैयाँ पर्ने बुलेटप्रुफ लिमोसिन गाडीमा सयर गर्छन् र अत्याधुनिक हतियारधारी सुरक्षाकर्मी आफ्नो वरिपरि खटाएर कुख्याती कमाइरहेका छन् । तर राष्ट्रपति म्युजिका भने आफैं पुरानो गाडी चलाउँछन् । एउटा खुट्टा नभएको म्यानुएला नामको कुकुर र दुईजना प्रहरी उनको सुरक्षामा खटेका छन् ।







उनको आवासगृह, जसको जीवनशैली संसारका अन्य धेरै नेताहरूको भन्दा फरक छ । राष्ट्रपति म्युजिकाले सरकारले उपलब्ध गराएको आधुनिक सुविधा सम्पन्न आवासलाई ठुक्र्याएर पत्नीको फार्महाउसमा बस्न आएका हुन् । राष्ट्रपति र उनकी पत्नी आफैं फार्महाउसमा काम गर्छन् र फूल उमार्छन् । 'मैले मेरो जीवनको अधिकांश समय यसरी नै बिताएको छु ।' बगैंचामा रहेको पुरानो सानो मेचमा बस्दै उनी भन्छन्- 'म आफूसँग भएका चिजबाटै राम्रो जीवन बाँच्न सक्छु ।'

उनको जीवनशैली जति साधारण छ उनी त्यत्तिकै असाधारण दानी पनि छन् । महाभारतकालीन 'दाने सूर्यसूते अर्थात् कर्णमा पुग्नु पर्दैन न त शरीरका हड्डी दिने वैदिककालीन महर्षि दधिचिलाई नै सम्झनुपर्छ । यी किंवदन्ती हुन सक्छन् । तर म्युजिका वर्तमानका यथार्थ हुन् । बीबीसीका अनुसार आफ्नो मासिक तलब १२ हजार डलरको दस प्रतिशत मात्र उनी आफ्नो लागि उपयोग गर्थे । नब्बे प्रतिशत तलबको हिस्सा दान गर्थे । उनी दान गरे गरिब र साना व्यवसायीलाई । दानबाट बचेको ७ सय ७५ डलरले महिना चलाए राष्ट्रपति म्युजिकाले । यो रकम उरुग्वेली सरदर आम्दानी हो ।

सन् २०१० को उनको निजी सम्पत्तिको विवरणमा १८ सय डलर मात्र थियो, जुन उनको भल्कसवागन विटलको मूल्य हो । उनले सम्पत्तिको विवरणमा उनको पत्नीको नाममा रहेको खेत, ट्याक्टर र एउटा घर पनि राखेका छन् जसको मूल्य अहिले दुई लाख १५ हजार डलर पुगेको छ । 'यदि तपाईंसँग केही सम्पत्ति छैन भने तपाईंले त्यसलाई जोगाउन दासलेझैं काम गर्नुपर्दैन र तपाईंसँग तपाईंका लागि धेरै समय बाँकी रहन्छ । उनले भनेका थिए, 'मलाई मानिसहरूले पागल बूढा भन्लान् तर मलाई मतलब छैन ।'

एकपटक भएको रियो प्लस २० सम्मेलनमा पनि उनले यस्तै तर्क दिएका थिए- 'हामी यो अपराह्न दीर्घकालीन विकासबारे बहस गऱ्यौं, गरिबी हटाउने कुरा गऱ्यौं । तर के हामीले सोचिरहेका छौं ? के हामीले धनी मुलुकको विकास र उपभोगको नमुना नै चाहेको हौं त ? म तपाईंहरूलाई सोध्न चाहन्छु- यदि सबै भारतीयसँग जर्मन नागरिकसँग जस्तै गाडी भए यो ग्रहको अवस्था कस्तो होला ? उनले भनेका थिए- के यो ग्रहसँग ७ वा ८ अर्ब धनी मुलुकमा जस्तै उपभोग गर्ने मानिसलाई जीवन दिने स्रोत छ ? हाम्रो ग्रहलाई चरम उपभोगले हानि पुऱ्याइरहेको छ ।

आर्थिक वृद्धि र उपभोग बढाउने नीतिलाई अन्धाझैं स्वीकृति दिएकोप्रति म्युजिका विश्वका नेताहरूसँग रुष्ट छन् । वर्ल्ड बैंकले गरेको प्रक्षेपणअनुसार म्युजिकाको प्रशासनकालमा उरुग्वेको आर्थिक वृद्धि ४ प्रतिशत रहेको थियो । उनकै कार्यकालमा उरुग्वेको बेरोजगारी दर हालसम्मकै कम अर्थात् गत वर्षभन्दा ६ दशमलव १ प्रतिशत थियो । सन् २००२ मा यो दर २० प्रतिशत थियो । धेरै मानिस राष्ट्रपति म्युजिकाको जीवनशैलीप्रति सहानुभूति राख्छन् । तर सरकारको विरोध रोक्न यतिले मात्र पुग्दैन । उरुग्वेली पोल्स्टर इग्नासियो जुआन्वार भन्छन् । उरुग्वेली विपक्षी दलहरू मुलुकको पछिल्लो आर्थिक समृद्धिले स्वास्थ्य र शिक्षा क्षेत्रलाई हित नगरेको बताउँछन् । र सन् २००९ मा निर्वाचनमा विजयी भएपछि पहिलोपटक उनको ख्याति गत वर्ष पचास प्रतिशतले घटेको एक सर्वेक्षणले पत्ता लगाएको थियो ।

राष्ट्रपति म्युजिकाको दुईवटा विवादास्पद कदमले उनको लोकप्रियतामा कमी आएको ठानिन्छ । उरुग्वे कांग्रेसले १२ सातासम्मको गर्भलाई पतन गर्न सकिने विधेयक पारित गरेको थियो । म्युजिकाले यस विधेयकविरुद्ध भिटो पावर प्रयोग गर्न सक्थे । तर त्यसो गरेनन् । उनले क्यानविस नामको औषधि बनाउन प्रयोग गरिने बिरुवाको उपभोगलाई छुट दिनुपर्नेमा वकालत गर्दै आएका थिए । यसले लागूऔषधको दुरुपयोग बढाउने आशंका गरिँदै आएको छ ।

तर अब उनको ख्याति बढ्नु र घट्नुको खासै अर्थ र महत्व छैन । किनकि उरुग्वेली कानुनअनुसार उनले सन् २०१५ को राष्ट्रपतीय निर्वाचनमा भाग लिएनन् । ७७ वर्षको बुढ्यौलीमा उनले राजनीतिबाट बिदा लिए ।

म्युजिकासँग बैंकखाता छैन र ऋण पनि छैन । तथापि उनले अहिले अमूल्य सुख भोगिरहेका छन् जसलाई पैसामा किन्न सकिँदैन । पत्नी म्यानुयलाका साथ खेतमा काम गरेर पसिना चुहाइरहेका छन् उनी । अमेरिका शाही परिवार मानिने केनेडी परिवारका अमेरिकी राष्ट्रपति जोन अफ केनेडी पनि आफ्नो तलब अरुलाई बाँड्थे ।

रोमान्टिक स्वभावका केनेडी आईमाईको मामिलामा कमजोर भए पनि दानीका रुपमा प्रसिद्ध थिए । अर्का अमेरिकी राष्ट्रपति हर्वट हुमर पनि तलब गरिबहरूलाई बाँड्थे । उनी गरिब परिवारबाट आएका थिए । गरिबीको पीडासँग जानकार थिए उनी । जन्मका दिनमा चढाइएका उपहारसमेत उनलाई बाँडिदिन्थे । जनसेवाबाट पाएको पैसा कहिल्यै लिएनन् उनले । उनी निष्कलंक राष्ट्रपति रहे भ्रष्टाचारको आरोप लागेन उनीमाथि कहिल्यै ।

प्रेरक

## आफैं सफा भएको पानी

बुद्ध संघ एक पटक धर्म प्रचारका लागि लामो यात्रामा निस्किए। भगवान् बुद्ध वृद्ध भइसक्नुभएको थियो। तर पनि उहाँको प्रवचनको शैली भने जस्ताको तस्तै नै थियो। लामो यात्राका क्रममा बुद्ध संघ एउटा वनमा रोकियो। बुद्धलाई र अरु भिक्षुहरूलाई पनि धेरै नै तिर्खा लागेको थियो।

बुद्ध एउटा सालको रुखमुनि विश्रामरत हुनुहुन्थ्यो। उहाँले आनन्दलाई पानी लिएर आउन भन्नुभयो तर आनन्दले त्यहाँ वरिपरि पानी नभएकाले केही समय पर्खनका लागि भने। फेरि बुद्धले आफूलाई धेरै नै प्यास लागेकाले पानी ल्याउनका लागि भन्नुभयो। त्यसपछि भिक्षु समुदायको नेतृत्व गर्दै एक भिक्षुले भने- 'तपाईंको अनुमति हुन्छ भने हामी यहाँ खन्नेछौं र पानी निकाल्नेछौं। अनि भिक्षु संघले प्यास मेट्नेछ।' तर बुद्धले खाल्टो खन्दा त्यहाँ बास बस्ने कैयौं कीराहरूको बासस्थान भत्किने र उनीहरूको मृत्यु समेत हुने भएकाले खाल्टो खन्न दिनुभएन। भिक्षुहरूले बुद्ध कति अहिंसावादी हुनुहुन्छ भनेर बुझे।

त्यसपछि बुद्धले नजिकै रहेको एउटा कुवा देखाइदिनुभयो। बुद्धको आज्ञालाई स्वीकार्दै आनन्द पानी लिन गए, तर पानी लिएर आएनन्। उनी खाली हात फर्किए र बुद्धलाई बिन्ती गरे, 'भगवान, त्यो पानीको मूल त बाटोछेउमै पर्दोरहेछ। त्यही मूल हुँदै कयौं बयलगाडीहरू चलेका कारण पानी अत्यन्तै फोहोर छ। त्यसैले हामीले अन्त नै पानी खोज्नुपर्छ।' बुद्धले मुस्कुराउँदै भन्नुभयो- 'आनन्द, तिमीले मैले भनेको किन मानेनौ?' तिमीले केवल पानी लिएर आऊ।'

आनन्द फेरि फर्किएर गए। उक्त कुवा नै फोहोर थियो। आनन्दले मन नलागी नलागी पनि करुवाले पानी उठाउन जाँदा पानी सफा हुँदै गयो र शुद्ध भयो। यो देखेर आनन्द छक्क परे र खुसी हुँदै पानी लिएर गए। यसपटक पनि आनन्दले थाहा पाए कि बुद्ध कति महान हुनुहुन्छ भनेर। तथागतको सेवा गर्न पाएकोमा आनन्द आनन्दित देखिन्थे। बुद्ध आनन्दको मनमा के कुरा खेलिरहेको छ भनेर बुझिरहनुभएको थियो।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

निर्णायक मोडमा दुविधा उत्पन्न हुने समय छ, सजग रहनुपर्ला। लगनशील बन्नेहरूलाई दिगो फाइदा हुन सक्छ। टाढिएका आफन्तजन नजिकिनेछन्। तत्कालको फाइदा हेर्दा परिस्थिति बिग्रन सक्छ। रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्नुपर्ला। नियमित काम सम्पादन भए पनि पारिवारिक मतभेदले व्यवधान निम्त्याउला। महत्त्वाकांक्षी योजना सार्वजनिक नगर्नुहोला।

### वृष

अवसरका लागि समस्यासँग जुध्नुपर्ला। आफ्नो मिहिनेतबाट अरूले फाइदा उठाउने कोसिस गर्नेछन्। अरूको विश्वास जित्न केही समय लागे पनि दिगो फाइदा हुने काम हातलागी हुनेछ। नयाँ योजनातर्फ अग्रसर भइनेछ। उपलब्धिका लागि दोहोर्याएर काम गर्नुपर्ला। चुनौती चिर्दै काम बनाउन सकिनेछ। शत्रुहरू किनारा लाग्नेछन् र प्रतिस्पर्धामा विजयी भइनेछ।

### मिथुन

सुखद समाचारले दिन उत्साहपूर्ण रहनेछ। बोलीको भरमा चिताएको काम सम्पादन हुनेछ। आफ्नो क्षेत्रमै प्रभाव जमाउन सकिनेछ भने सम्मानित स्थान प्राप्त हुन सक्छ। तारिफयोग्य कामले राम्रो उपलब्धि दिलाउनेछ। सानो प्रयत्नले फाइदा बढ्नेछ। व्यापारमा पनि प्रशस्त लाभ हुनेछ। अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। दाम र नाम कमाउने समय छ।

### कर्कट

बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ। मनपर्ने वस्तु, उपहार प्राप्त हुनेछ। नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन्। रचनात्मक कामले मनग्गे धन आर्जन हुनेछ। पहिलेको सफलताले थप हौसला जगाउनेछ। रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द लिने अवसर जुट्नेछ। सुन्दर पहिरनले व्यक्तित्वमा आकर्षण ल्याउनेछ।

### सिंह

पछिका लागि केही वस्तु त्याग्नुपर्ला। खर्चिलो काममा लगानी गर्नुपर्ने समय छ। टाढाका साथीभाइले काममा साथ दिनेछन्। आजको श्रमबाट पछिलाई फाइदा हुनेछ। तर, विभिन्न स्रोत देखिए पनि सोचेको फाइदा उठाउन नसकिएला। कर्जामार्फत रकम जुट्नेछ। दोहोर्याएर प्रयत्न गर्दा रोकिएको काम बन्नेछ। खर्च लागे पनि लगानीको अवसर आउन सक्छ।

### कन्या

प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्। पहिले गरेका कामबाट प्रशस्त लाभ हुनेछ। आयआर्जन बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ। कृषि, पशुपालन तथा व्यापारमा प्रशस्त फाइदा हुनेछ। चल-अचल धनको उपयोगबाट मनग्गे फाइदा उठाउन सकिनेछ। दिगो फाइदा हुने काममा जग बसाउने अवसर प्राप्त हुनेछ।

### तुला

परिस्थिति अनुकूल रहे पनि अरूका लागि बुद्धि खर्चनुपर्नेछ। जीवनशैली व्यस्त रहे पनि गरी आएको कामलाई निरन्तरता दिन सकिनेछ। प्रतिष्ठित काम गरेर धेरैको मन लोभ्याउन सकिनेछ। विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्नेछ। आँटेको काममा अरूको मुख ताक्नाले पछि परिनेछ। श्रमको उचित मूल्यांकन भए पनि प्रतिफल हातपार्न केही समय लाग्नेछ।

### वृश्चिक

पहिलेका कमजोरीले केही समस्या उब्जाए पनि सोचेको काम सम्पादन गर्न सकिनेछ। आध्यात्मिक चेतनाले धर्मकर्म र सेवामूलक काममा प्रवृत्त गराउनेछ। स्वास्थ्यका लागि खानपानमा सजग रहनुहोला। चुनौतीपूर्ण जिम्मेवारी आए पनि बुद्धि-विवेकले काम सम्पादन गर्न सकिनेछ। अप्ठ्यारा परिस्थितिमा पनि समस्या दर्साउँदा सहयोगीहरूको साथ जुट्नेछ। यात्राको योग भए पनि यात्रा नगर्नु नै उपयुक्त होला।

### धनु

परिबन्धले अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ। सम्भावना देखिए पनि सोचेको उपलब्धि प्राप्त नहुन सक्छ। प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ला। सामान्य कामका लागि दौडधुप गर्नुपर्नेछ। व्यस्तता बढ्नेछ भने शरीरमा कमजोरी अनुभूति हुनेछ। गोपनीयता बाहिरिनाले काम दोहोर्याउनुपर्ला। स्वास्थ्यका लागि आहारविहारमा सजग रहनुहोला।

### मकर

बिछोडिएका आफन्तसँग रमाइलो भेटघाट हुनेछ। अध्ययन, लेखन तथा मनोरञ्जनमा समय बित्नेछ। तर अवसरभित्र अधिकार खोज्ने प्रवृत्तिले समस्या निम्त्याउला। शुभचिन्तकहरूको सद्भाव कायम राख्न सजग रहनुपर्नेछ। सुझबुझका साथ काम लिएमा उपलब्धि प्राप्त हुनेछ। व्यापारमा सामान्य फाइदा भइरहनेछ। सेवाग्राहीहरूको मन जित्ने प्रयत्न गर्नुहोला।

### कुम्भ

वैधानिक प्रावधानले लक्ष्यमा पुग्न अप्ठ्यारो पार्नेछ। अधिकारका लागि अलि सजग रहनुपर्ला। प्रतिस्पर्धी बढ्नाले केही चुनौतीहरू देखिनेछन्। काममा बाधा पुर्याउनेहरू प्रशस्तै हुनेछन्। तापनि मिहिनेत गर्दा नियमित काम बन्नेछन् र सामान्य फाइदा पनि हुनेछ। भौतिक सुविधाका वस्तुहरू जुटाउन सकिनेछ। परिस्थितिले नयाँ कर्मतर्फ अग्रसर गराउन सक्छ।

### मीन

लक्ष्यअनुसार काममा जुट्न नसकिए पनि प्रयत्न गर्दा चिताएका काम सम्पादन हुनेछन्। अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। सहपाठीहरू पछि पर्नेछन्। मिहिनेतले प्रतिष्ठित काम सम्पादन गर्ने मौका दिलाउनेछ। व्यापारमा धेरै फाइदा नभए पनि पशुपालन तथा कृषि क्षेत्रबाट राम्रो लाभ मिल्नेछ। सन्तान वा अनुयायीको साथले उत्साह जगाउनेछ। धन कमाउने प्रयोग मौका मिल्नेछ। पढाइमा पनि निरन्तरता दिँदा राम्रो होला। सोचेको पुग्नेछ।

# समाचार संक्षेप

## लडेर मृत्यु

काठमाडौं। बसबाट झर्ने क्रममा लडेर सोही ठाउँ बस्ने ५० वर्षीय कृष्ण बहादुर राईको मंगलबार मृत्यु भएको छ। उक्त गाडीबाट झर्ने क्रममा लडेर सोही गाडीको चक्काले किच्दा उनको घटनास्थलमै मृत्यु भएको हो। गाडी चालकलाई नियन्त्रणमा लिएर यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## मृत अवस्थामा फेला

काठमाडौं। बाँके, नेपालगंज उपमहानगरपालिका-१२ कोरियनपुर नयाँबस्तीस्थित सडक छेउमा भारत बहराईच रुपैडिहा वतन भएका ३२ वर्षीय प्रेम पासी मंगलबार मृत अवस्थामा फेला परेका छन्। कास्की, पोखरा महानगरपालिका-३३ तल्लो खैरेनी बस्ने ५८ वर्षीय लेख बहादुर सार्की सोही ठाउँस्थित खैरेनी समाज घरको छेउमा मंगलबार मृत अवस्थामा फेला परेका छन्। मोरङ, सुन्दरहरैंचा नगरपालिका-३ डेरा गरी बस्ने हाल नाम, थर, वतन नखुलेका ३० वर्षीय पुरुष मंगलबार मृत अवस्थामा फेला परेका छन्।

## सवारी दुर्घटनामा ४ जनाको मृत्यु

काठमाडौं। पर्वत, मोदी गाउँपालिका-५ अम्बोटस्थित सडकमा बसले मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालक पर्वत माहाशिला गाउँपालिका-२ भोक्सीङ बस्ने ३८ वर्षीय प्रितम गुरुङको मृत्यु भएको छ। ठक्करबाट गम्भीर घाइते भएका उनको जिल्ला अस्पताल पर्वतमा उपचारको क्रममा मृत्यु भएको हो। बस चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

मकवानपुर, मनहरी गाउँपालिका-७ बिजौनास्थित सडकमा ना.२२ प ६०६८ नम्बरको मोटरसाइकल सोमाबर दिउँसो दुर्घटना हुँदा मोटरसाइकलमा सवार मनहरी गाउँपालिका-६ बस्ने २५ वर्षीय मिलन मगर भन्ने नबिन कुमार पुर्वाखनेको मृत्यु भएको छ। को.२ च २७८० नम्बरको गाडीलाई उक्त मोटरसाइकलले ओभर ट्याक गर्ने क्रममा सोही गाडीमा ठोक्किएर अनियन्त्रित भई ना.६ ख ४९६० नम्बरको ट्रकमा समेत ठोक्किएर दुर्घटना हुँदा गम्भीर घाइते भएका पुर्वाखनेको पुरानो मेडिकल कलेज भरतपुरमा उपचारको क्रममा मृत्यु भएको हो। साथै दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार सोही ठाउँ बस्ने २२ वर्षीय मनिक थिङको सोही अस्पतालमा उपचार भइरहेको छ। गाडी र ट्रकका चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

नवलपरासी पश्चिम, सरावल गाउँपालिका-१ हरकट्टापुलस्थित सडकमा लु.१ ख ७१७९ नम्बरको माईक्रोबसले लु.५४ प १२२ नम्बरको मोटरसाइकललाई सोमबार दिउँसो ठक्कर दिँदा मोटरसाइकल चालक बर्दघाट नगरपालिका-९ भुताहा बस्ने ४२ वर्षीय उमाशंकर गिरीको मृत्यु भएको छ। ठक्करबाट गम्भीर घाइते भएका उनको जिल्ला अस्पताल परासीमा उपचारको क्रममा मृत्यु भएको हो। माईक्रोबस चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

उदयपुर, कटारी नगरपालिका-८ बिजुलेस्थित सडकमा बा.१० च ४१८८ नम्बरको बोलेरो गाडी अनियन्त्रित भई सोमबार साँझ दुर्घटना हुँदा गाडीमा सवार कटारी नगरपालिका-८ पाखाटोल बस्ने ३८ वर्षीय बिक्रम राना मगरको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका उनको कटारी अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो। हाल फरार गाडी चालकको प्रहरीले खोजी गरिरहेको छ।

## मृत अवस्थामा फेला

काठमाडौं। कञ्चनपुर, भिमदत्त नगरपालिका-१ रौटेलास्थित बैजनाथ मन्दिर नजिक कुटियामा बस्दै आएकी ८५ वर्षीया केशवी गिरी उक्त कुटियाभित्र सोमबार मृत अवस्थामा फेला परेकी छन्। सुनसरी, ईनरुवा नगरपालिका-६ स्थित नहरमा हाल नाम, थर, वतन नखुलेका करिब ४० वर्षीय पुरुष सोमबार मृत अवस्थामा फेला परेका छन्।

## ठगी कसूरका फरार प्रतिवादी पक्राउ

काठमाडौं। ठगी कसूरका फरार प्रतिवादी दाङ घोराही उपमहानगरपालिका-१५ लालीगुराँस टोल वतन भएका ४१ वर्षीय विकाश पुनलाई सोमबार प्रहरीले पक्राउ गरेको छ। ठगी कसूर अन्तर्गत मुद्दा दर्ता भई फरार रहेका विकास काठमाडौंका विभिन्न स्थानहरूमा लुकिछिपी बसेको भन्ने सूचनाको आधारमा प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगञ्जबाट खटिएको प्रहरीले काठमाडौं महानगरपालिका-११ सुन्धारास्थित होटल भ्यू ग्लोबलमा लुकिछिपी बसिरहेको अवस्थामा फेला पारी उनलाई पक्राउ गरेको हो। साथै उनले प्रयोग गर्दै आएको प्रदेश ३-०१-०२२ च ०११८ नम्बरको गाडी समेत प्रहरीले बरामद गरेको छ।

## लागूऔषध सहित ३ जना पक्राउ

काठमाडौ। कास्की, अन्नपूर्ण गाउँपालिका-१ नौडाँडास्थित सडकबाट सोही ठाउँ बस्ने माछपुच्छ्रे गाउँपालिका-१० घर भएका २६ वर्षीय सन्जय बिकलाई नियन्त्रित लागूऔषध ४५ एम्पुल डाईजेपाम, ४५ एम्पुल फेनारगन र ४५ एम्पुल नुर्फिन सहित सोमबार बिहान प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय कास्कीबाट खटिएको प्रहरीले जाँच गर्नेक्रममा उनलाई उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो।

मोरङ, रतुवामाइ नगरपालिका-९ भौडास्थित सडकबाट उर्लाबारी नगरपालिका-३ बस्ने ३६ वर्षीय तारानिधि गुरागाईं र सोही ठाउँ बस्ने ३५ वर्षीय विदेश लिम्बुलाई नियन्त्रित लागूऔषध ६ सय ९० ट्याब्लेट नाईट्राभेट सहित आइतबार राति प्रहरीले पक्राउ गरेको छ। प्रहरी चौकी इटराबाट खटिएको प्रहरीले उनलाई उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो।

## मोटरसाइकलको ठक्करबाट मृत्यु

कैलाली। लम्कीचुहा नगरपालिका-४ लियास्थित सडकमा आइतबार साँझ से.६ प ८७८६ नम्बरको मोटरसाइकलको ठक्करबाट पैदलयात्री सोही नगरपालिका मेलडाड बस्ने ५५ वर्षीया मनसरा न्यौपानेको मृत्यु भएको छ। ठक्करबाट गम्भीर घाइते भएकी उनको मेडिल कलेज कोहलपुर नेपालगंजमा उपचारको क्रममा मृत्यु भएको हो। मोटरसाइकल चालकलाई नियन्त्रणमा लिएर यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## मृत अवस्थामा फेला

काठमाडौं। रौतहट, चन्द्रनिगापुर नगरपालिका-८ मर्दर बस्ने ५७ वर्षीय युवराज गिरि आफ्नै घरमा सुतिरहेकोमा सोमबार मृत अवस्थामा फेला परेका छन्। भोजपुर, भोजपुर नगरपालिका-४ बस्ने ६० वर्षीय कृष्ण प्रधान सोही ठाउँस्थित सेरा खोला र पिखुवा खोलाको दोभानमा सोमबार मृत अवस्थामा फेला परेका छन्। डाँडामा घाँस काट्न गएकोमा घर नफर्किएपछि खोजी गर्नेक्रममा उक्त दोभानको पानीमा उनको शव फेला परेको हो।

## सवारी दुर्घटनामा ३ जनाको मृत्यु

काठमाडौं। सुर्खेत, वीरेन्द्रनगर नगरपालिका-१ स्थित सडकमा क.प्र.०२-००१ प ८९५० नम्बरको मोटरसाइकलको ठक्करबाट पैदलयात्री सोही नगरपालिका-२ बस्ने ६० वर्षीया नन्दाकली कडेलको आइतबार दिउँसो मृत्यु भएको छ। ठक्करबाट गम्भीर घाइते भएकी उनको माया नर्सिङ होममा उपचारको क्रममा मृत्यु भएको हो। हाल फरार मोटरसाइकल चालकको प्रहरीले खोजी गरिरहेको छ।

सर्लाही, गोडैता नगरपालिका-४ रोहुवास्थित सडकमा ऊखु लोड गरी महालक्ष्मी सुगर प्रालि बग्दह चिनी मिलतर्फ जादै गरेको ना.७ त ५६८ नम्बरको ट्याक्टरबाट लडेर ट्याक्टर चालक सोही नगरपालिका-५ बस्ने रौतहट बृन्दावन नगरपालिका-७ धमौरा घर भएका १८ वर्षीय आसिर मंसुरको आइतबार राति मृत्यु भएको छ। लडेर गम्भीर घाइते भएका उनको उपचारको लागि जिल्ला अस्पताल मंलगवातर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो। कैलाली, लम्कीचुहा नगरपालिका-४ लियास्थित सडकमा से.६ प ८७८६ नम्बरको मोटरसाइकलको ठक्करबाट पैदलयात्री सोही नगरपालिका-४ मेलडाड बस्ने ५५ वर्षीया मनसरा न्यौपानेको मृत्यु भएको छ।

# अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Fanciful= काल्पनिक A fanciful scheme neglects the facts काल्पनिक योजनाले तथ्यहरूलाई बेवास्ता गर्दछ।

Gadfly= टोक्ने झिंगा He is a gadfly and irritates everyone ऊ एउटा टोक्ने झिंगा जस्तो छ जसको पनि चित्त दुखाउँछ।

Hackneyed= उस्तै लाग्दो वस्तु Mostly the indian movies are made of hackneyed plots भारतीय चलचित्रहरू उस्तैलाग्दो एकै किसिमका घटनाक्रमबाट बनेका हुन्छन्।

Ignoble= मर्यादामा आघात पार्ने A national level person should not do such an ignoble deed एक राष्ट्रियस्तरको व्यक्तिले आफ्नो मर्यादामा आघात पार्ने यस्तो काम गर्नु हुँदैन।

Jaded=अमन भएको वा रूचि नहुने स्थिति For jaded appetite, one has to try for exotic foods रूचि नभएको बेला सधैं खानेभन्दा अर्कै किसिमको खाना खाएमा भोक जाग्न सक्छ।

Kindle = उत्प्रेरणा दिनु His poetry always kindles a spark of hope towards life उसको कविताहरूले जिन्दगीप्रति आशावादी बनाउन उत्प्रेरणा दिलाउँछ।

Lachrymose = रुवाइदिने वा वेदनायुक्त स्वर Her voice has a lachrymose quality and suits more at a funeral ceremony उनको स्वर वेदनायुक्त छ र समवेदना व्यक्त गर्ने समारोहको लागि उपयुक्त हुन्छ।

Magniloquent = घमण्डी, मै हुँ भन्ने किसिमको He is always criticised for his magniloquent speeches घमण्डी भाषणका लागि ऊ सर्वदा आलोचित छ।

Nascent = जन्मदाको, शैशव It is easy to suppress a movement at its nascent stage कुनै पनि अन्दोलनलाई शैशवकाल वा अवस्थामा नै दमन गर्न सजिलो हुन्छ।

Obdurate = अर्काको कुरा नसुन्ने, अडान लिने Being a corrupt politician, he is not obdurate in his principle एक भ्रष्ट राजनीतिज्ञ भएको कारण उनीमा सैद्धान्तिक अडान छैन।

# Act बाट के के कुरा भन्न सकिन्छ थाहा पाउनुहोस्

Act at once = सिधै गर्नु The time for talking is past, you have to act at once कुरा गर्ने समय गयो अब सिधै गरेर देखाउनु पर्छ।

Act promptly = उतिनखेरै काम गर्नु The doctor acted promptly so that he could save her life डाक्टरले उतिनखेरै काम गरेकोले उनलाई बचाउन सक्यो।

Act wisely = बुद्धि पुर्‍याएर काम गर्नु If you act wisely the chance of committing error is less तिमीले बुद्धि पुर्‍याएर काम गर्‍यो भने भूल हुने सम्भावना कम हुन्छ।

Act without = विना... काम नगर्नु Police refused to act with evidences प्रमाणविना प्रहरीले काम गर्न मानेन।

Act of = भूमिका निर्वाह गर्नु He acts very well of a judge उसले न्यायाधीशको भूमिका राम्ररी निर्वाह गर्छ।

Act for = प्रतिनिधि भई काम गर्नु In my absence my son acts for me मेरो अनुपस्थितिमा मेरो छोरा मेरो प्रतिनिधि भई काम गर्छ।

Act on = आधारमा गर्नु Acting on the information received, police took him incustody सूचनाको आधारमा प्रहरीले उसलाई नियन्त्रणमा लियो।

Act something out = भएको जस्तो गरी देखाउनु He acted well out the role of a mad man उसले बहुला भएजस्तो गरी देखायो।

Act up badly = दुखाउनु My right knee is acting up very badly मेरो दाहिनेतर्फको घुँडाले खुबै दुखाइरहेछ।

Act just like = भेषमा प्रस्तुत गर्नु If you want to escape from here act just like a beggar यहाँबाट भाग्न चाहन्छौ भने माग्नेको भेषमा आफूलाई प्रस्तुत गर।

## सुडोकु-अंक २४६

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ६ | १ | | ३ | ९ | | | |
| | ५ | | | | | | ६ | |
| ४ | | | ८ | | ९ | | | ७ |
| | | ७ | ३ | १ | ८ | २ | | |
| | | | | | | | ७ | |
| | | १ | ४ | ९ | ७ | ६ | | |
| ३ | | | ९ | | ६ | | | ५ |
| | २ | | | | | | ८ | |
| | | ४ | ५ | | २ | १ | | |

## अंक २४५ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | १ | २ | ८ | ३ | ६ | ९ | ४ | ५ |
| ३ | ४ | ८ | ५ | १ | ९ | २ | ७ | ६ |
| ६ | ९ | ५ | ४ | २ | ७ | ३ | ८ | १ |
| ९ | ३ | ६ | ७ | ४ | २ | ५ | १ | ८ |
| १ | ८ | ४ | ३ | ६ | ५ | ७ | २ | ९ |
| २ | ५ | ७ | ९ | ८ | १ | ४ | ६ | ३ |
| ८ | २ | ३ | ६ | ५ | ४ | १ | ९ | ७ |
| ५ | ७ | १ | २ | ९ | ८ | ६ | ३ | ४ |
| ४ | ६ | ९ | १ | ७ | ३ | ८ | ५ | २ |

# A Guarantee of Peace and Stability

In October last year the Defence Development Exhibition, Self-Defence2021,was held in Pyongyang, the capital of the Democratic People's Republic of Korea. It clearly showed that the DPRK heads the list of world-class military powers.

The forces hostile towards the country are very vocal in their claim that the DPRK's defence buildup poses a threat to the neighbouring countries and harm to world peace and security. However, their claim is far too unconvincing.

**A Right to Independence of a Sovereign State**




The DPRK is a sovereign state like 200-plus countries in the world. Just as they have a right to strengthen their defence capabilities, so does the DPRK.

But, taking underhand advantage of the UN Security Council, the hostile forces invented a "resolution" disallowing the country to develop its missile technology. It is an unlawful and illegal action infringing upon the right to independence of a sovereign state but they remain silent about it.

According to their logic, the missile tests conducted by the US and other countries do not matter, whereas that of the DPRK "threatens" the world, which is an epitome of double standards.

While constantly browbeating the country with tens of thousands of nuclear weapons and other pieces of state-of-the-art military hardware, they are following such a ridiculous logic that it has no right to possess defence capabilities to deter them.

Their ulterior motive for doing so is based on the fact that the DPRK pursues a different ideal from theirs and poses an obstacle in realizing their strategy of global supremacy. As long as it maintains socialism and anti-imperialist independence, it will eternally remaina "threat," even if it has only conventional weapons, far from cutting-edge military hardware. Trumpeting about its "threat" is nothing but a scream of upset proving that they are failing to stifle it.

**No Harm to the Security of Neighbouring Countries**



The DPRK's defence capability does no harm to the security of its neighbouring countries. It stands to no reason that it threatens the security of China and Russia, with which it shares a history and traditions of deep-rooted friendship.

The same is the case with its attack against south Korea, a part of the land on which the homogeneous nation has been living. The attack equates precisely to total devastation of the Korean peninsula as a whole and extinction of the nation, an unimaginable outcome for the DPRK that has been striving for decades to defend the land for the current and future generations from the holocaust of a nuclear war.

Also, it is unreasonable to think that it threatens the rest of the world including the countries on the coast of the Pacific Ocean, for it is involved in no historical conflict or dispute with them.

The US and Japan, that are most preoccupied with the DPRK strengthening its defence capability, do not need to worry about it, either.

Kim Jong Un, President of the State Affairs of the DPRK, confirmed in the opening ceremony of the Defence Development Exhibition that the country's true enemy is war itself, not the US or any other specific state or forces.

**Strong Defence Power of the DPRK, a Demand of the History and the Present Reality**

Historically, Korea has been subject to aggression by external forces as it is situated in the geopolitically important region that links oceanic states and continental ones.

From the mid-19th century, the Korean peninsula was reduced to a theatre of competition for ascendancy of the big powers seeking to stretch their influence into the continent and ocean. Sino-Japanese (1894-1895) and Russo-Japanese (1904-1905) wars broke out here, eventually putting the peninsula under the military occupation of Japanese imperialism backed by the western European powers.



The victory of the oceanic forces in the scramble for the peninsula led to the Sino-Japanese War (1937-1945) and the Pacific War (1941-1945), subjecting humanity to immense pain and damage.

But what would have happened if the then Korea had been powerful? Both the continental and oceanic forces who had sought more influence into each other would not have dared to invade it. And so there would have been no collision between them, neither could have absolute dominance over the continent or the ocean, and the regional peace and security would have been maintained.

Today the national strength of China and Russia is being strengthened rapidly, regenerating the friction between the oceanic forces including the US and Japan and the continental ones.

In particular, the region of northeast Asia, with its extensive market and rich personnel and material resources, is attracting the attention of the world as a potential engine for the global economic growth. The question of taking the lead in this region is something vital to the development prospect of global powers.

In this regard, the Korean peninsula still remains a key area as it links the continent and the ocean. This is why experts think that a new cold war between the two forces is inevitable and the peninsula will surely be the arena of primary conflict between them.

In light of this, what will happen to the DPRK, if it remains weak as it was in the late19th century and the early 20th century?Nobody would guarantee that history would not repeat itself.

The strong defencecapabilities of the DPRK are a serious requirement of the history, the present reality and the global peace and stability.

**Sunrise in Samjiyon**



This is the city of Samjiyon, situated at a height of more thanone thousand metres above sea level in the northernmost part of the Democratic People's Republic of Korea.

Built as amodel socialist cultured city encapsulating modern civilization, itlooks most beautiful at sunrise.

**Winter Scenery of the Picturesque Taedong River**



This is winter scenery of the Taedong, which meanders through the central part of Pyongyang. Aflock of mallards and buildings add to the beauty of the city.

## स्वास्थ्यकर्मीलाई...

माग गरेको छ। त्यसका लागि मन्त्रिपरिषद्ले नयाँ निर्णय गर्नु नपर्ने स्वास्थ्यसचिव डा. रोशन पोखरेलले बताए।

तेस्रो लहरको सुरुवातमै धेरै स्वास्थ्यकर्मी कोरोनाको चपेटामा परेका छन्। तर, अघिल्ला लहरमा संक्रमितको उपचारमा प्रत्यक्ष खटिएका सबै स्वास्थ्यकर्मीले घोषणा भएको जोखिम भत्तासमेत अझै पाएका छैनन्। उनीहरूमध्ये केहीको पहिलो लहरकै र धेरैको दोस्रो लहरमा खटिएको भत्ता नपाएको गुनासो छ।

## फेरि हिमपात...

सतर्कता अपनाउन अनुरोध गरेको छ।महाशाखाका अनुसार हाल सुदूरपश्चिम प्रदेश, कर्णाली प्रदेशलगायत अन्य प्रदेशका पहाडी भू-भागमा आंशिकदेखि सामान्य बदली रहेको छ। साथै पश्चिम र पूर्वी तराई भेगमा हुस्तु/कुहिरो लागेको छ। दिउँसो देशभर आंशिकदेखि सामान्य बदली रहनेछ। पहाडी भेगका थोरै स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ। देशका उच्च पहाडी तथा हिमाली भू-भागका केही स्थानमा हल्का हिमपातको सम्भावना रहेको छ।

रातिको समयमा देशभर आंशिकदेखि सामान्य बदली रहने छ। प्रदेश नं १, बागमती प्रदेश, गण्डकी प्रदेश, कर्णाली प्रदेश तथा सुदूरपश्चिम प्रदेशका एक दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ। उच्च पहाडी तथा हिमाली क्षेत्रमा हिमपातको सम्भावना रहेको महाशाखाले जनाएको छ। देशका उच्च पहाडी तथा हिमाली भू-भागका केही स्थानमा हल्का हिमपातको सम्भावना रहेको छ।

## भ्रष्टाचारका...

पुसमा परेको जनाएको छ। साउनमा एक हजार छ सय ३२ वटा, भदौमा एक हजार तीन सय १५ वटा, असोजमा एक हजार १९ वटा, मंसिरमा नौ सय ९२ वटा, कात्तिकमा आठ सय ४० वटा र मंसिरमा नौ सय ९२ वटा र पुसमा छ सय ८९ वटा उजुरी परेको हो।

यस्तै अर्धवार्षिक अवधिमा कार्यालयका हकमा भने सबैभन्दा बढी भ्रष्टाचारसम्बन्धी उजुरी आयोग, टंगालमा परेको देखिन्छ। त्यसपछि क्रमशः हेटौंडा, बर्दिबास, इटहरी, बुटवल, सुर्खेत, कञ्चनपुर, पोखरा र नेपालगञ्जमा परेको छ। उक्त अवधिमा आयोगमा तीन हजार नौ सय ६४ वटा, हेटौंडामा चार सय ७५ वटा, बर्दिबासमा तीन सय ६३ वटा, इटहरीमा तीन सय ५९ वटा, बुटवलमा तीन सय तीनवटा, सुर्खेतमा दुई सय ९३ वटा, कञ्चनपुरमा दुई सय ७० वटा, पोखरामा दुई सय ३४ वटा र नेपालगञ्जमा एक सय ९६ वटा भ्रष्टाचारसम्बन्धी उजुरी परेका छन्।

सेवा दिने क्रममा सरकारी कार्यालय तथा कर्मचारीहरूले आर्थिक अनियमितता गरेमा सेवाग्राहीहरूले लिखित रुपमा, हुलाक, इमेल, टेलिफोन, वेबसाइट, फेसबुक, फ्याक्स, मोबाइल एवं पत्रपत्रिका, एसएमएस र भाइबरमार्फत उजुरी गर्न सक्नेछन्। सो व्यवस्थासँगै सेवाग्राहीहरूले अर्धवार्षिक अवधिमा सबैभन्दा लिखित रुपमा, हुलाक, इमेल, टेलिफोन, वेबसाइट, फेसबुकमार्फत गरेको पाइन्छ। लिखित रुपमा दुई हजार ७९ वटा, हुलाकमार्फत एक हजार पाँच सय २० वटा, इमेलमार्फत एक हजार दुई सय ६५ वटा, वेबसाइटमार्फत नौ सय ६१ वटा, फोनमार्फत दुई सय ८६ वटा, पत्रपत्रिकामार्फत एक सय ३९ वटा, मोबाइल एपमार्फत ९१ वटा र फेसबुकमार्फत ३१ वटा भ्रष्टाचारसम्बन्धी उजुरी अख्तियारमा परेको छ ।

आयोगले काम लिएर विभिन्न कार्यालय पुगेका सेवाग्राहीको कृत्रिम समस्या बनाई दुःख दिने र सहजीकरण गरिदिने भन्दै घुस अर्थात् रकम माग गरी भ्रष्टाचार गर्ने कर्मचारीहरूलाई पक्राउ गर्ने गर्छ। आयोगले गरेको एक अध्ययनमा स्थानीय तहमा ३० दशमलव ३ प्रतिशत नीतिगत भ्रष्टाचार हुने गरेको उल्लेख छ।

यस्तै आयोगले घुस, नक्कली शैक्षिक प्रमाणपत्र, सार्वजनिक सम्पत्तिको हानि नोक्सानी, गैरकानुनी लाभ वा हानि पु-याएको, गैरकानुनी सम्पत्ति आर्जन तथा राजस्व चुहावटलगायतको विषयमा अनुसन्धान गरी दोषी भएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८, भ्रष्टाचार निवारण ऐन, २०५९, अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ लगायत प्रचलित कानुन, कार्यविधि निर्देशिक र आचारसंहितामा आधारित भएर अघि बढ्छ ।

कार्यालयका अनुसार तीन तह (संघ, प्रदेश र स्थानीय तह)मध्ये सबैभन्दा बढी स्थानीय तहमा भ्रष्टाचार भएको उजुरी प्राप्त भएको जनाएको छ। महालेखा लगायतका विभिन्न प्रतिवेदनले पनि तीन तहमध्ये सबैभन्दा बढी भ्रष्टाचार स्थानीय तहमा रहेको औल्याउँदै आएको छ।

## फेरि बढ्यो...

यस्तै, आन्तरिक हवाई इन्धनतर्फ प्रतिलिटर ५ रुपैयाँ बढाइएको छ। अब हवाई इन्धनको मूल्य आन्तरिकमा प्रतिलिटर १०६ रुपैयाँ प्रतिलिटर र अन्तर्राष्ट्रियमा ९९५ अमेरिकी डलर प्रतिकिलोमिटर पुगेको छ। एलपी ग्यासको मूल्य भने बढाइएको छैन ।

यसैबीच अनेरास्ववियू क्रान्तिकारीले पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धि फिर्ता लिन सरकारसँग माग गरेको छ ।

नेपाल आयल निगमले पटक-पटक पेट्रोलियम पदार्थको मूल्यवृद्धि गरी कोभिड-१९ बाट ग्रसित नेपाली जनतालाई आहत दिने काम गरेको भन्दै क्रान्तिकारीले अविलम्ब मूल्यवृद्धि फिर्ता लिन माग गरेको हो ।

अनेरास्ववियू क्रान्तिकारीका अध्यक्ष हरिकृष्ण गजुरेलले बिहीबार विज्ञप्ति जारी मूल्य वृद्धिको विरोध गरेका हुन् । आयल निगमले बुधबार मध्यरातिदेखि लागू हुने गरी पेट्रोल, डिजेल र मट्टीतेलमा तीन(तीन रुपैयाँका दरले, आन्तरिकतर्फको हवाई इन्धनमा प्रतिलिटर पाँच रुपैयाँ र अन्तर्राष्ट्रियतर्फको हवाई इन्धनमा प्रतिकिलोलिटर एक सय अमेरिकी डलर मूल्य बढाएको थियो ।

'शेरबहादुर देउवा नेतृत्वको सरकारले पटक-पटक पेट्रोलियम पदार्थको मूल्यवृद्धि गरेर कोभिड-१९ बाट प्रताडित नेपाली जनताको ढाड सेक्ने काम गर्दै आइरहेको छ, उक्त कार्यको हाम्रो संगठन घोर निन्दा एवं भत्सर्ना गर्दछ, जसले जनताको दैनिकी चल्न नसक्ने र चुल्होसमेत नबल्ने अवस्था सिर्जना हुन पुगेको छ, जसकारण पेट्रोलियम पदार्थमा गरिएको मूल्यवृद्धि अविलम्ब फिर्ता गर्न नेपाल सरकार र नेपाल आयल निगमसँग जोडदार माग गर्दछौं,' विज्ञप्तिमा भनिएको छ ।

## संक्रमित...

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प्रक्षेपण छ । अर्को साताभित्र संक्रमणदर उच्च पुगेर बिस्तारै ओरालो लाग्न सक्ने देखिएको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका प्रमुख डा. कृष्णप्रसाद पौडेलले बताए । उनले भने, 'अर्को साता या माघको १५ पछि बिस्तारै संक्रमण ओरालो लाग्ने देखिन्छ ।'

संक्रमणदर तीन दिनमै दोब्बरले वृद्धि हुँदै गएकाले सबै सतर्क हुन आवश्यक रहेको डा.पौडेलले बताए। पौडेलका अनुसार अहिलेको संक्रमणमा ओमिक्रोन भेरिएन्टको वर्चस्व बढी रहेकाले संक्रमितको तुलनामा अस्पताल भर्नादर कम छ। यो भेरिएन्टले श्वासप्रश्वास नलीको माथिल्लो भागमा संक्रमण बढी गर्ने भएकाले संक्रमितमा गम्भीर लक्षण कम भएको तर खोप लिएकामा समेत संक्रमण भएको पाइएको छ। यो भेरिएन्ट तीन तहको लक्षणसहित संक्रमित हुने हुनाले धेरै संक्रमित हुने क्रममा अस्पतालमा बिरामीको संख्या बढ्न सक्ने र कतिपयलाई गम्भीर समस्या पनि हुने गरेकाले सही ढंगले मास्क लगाउन र भौतिक दूरी कायम राख्न चिकित्सकले सुझाएका छन् ।

घाँटी दुख्ने, रुघा लाग्ने, टाउको दुख्ने र पखाला लाग्नेमध्ये कुनै लक्षण भएका व्यक्तिले स्थानीय निकायमा निःशुल्क एन्टिजेन परीक्षण गराउन सक्ने मन्त्रालयले जनाएको छ । त्यसैगरी लक्षण भएकाको लागि सरकारी प्रयोगशालामा निःशुल्क परीक्षणको व्यवस्था गरेको मन्त्रालयले जनाएको छ । लक्षण नभएकाको हकमा सरकारी प्रयोगशालामा ८ सय र निजीमा १५ सय रुपैयाँ शुल्कमा पिसिआर परीक्षणको व्यवस्था गरिएको छ ।

गत २४ घण्टामा संक्रमित देखिनेमध्ये सबैभन्दा बढी काठमाडौं उपत्यकाका रहेको तथ्यांकले देखाएको छ।विवरणअनुसार काठमाडौंमा ४ हजार ३ सय ६६, ललितपुरमा १ हजार १९ र भक्तपुरमा ५ सय ७८ जना गरी ५ हजार ९ सय ६३ जनामा कोरोना पुष्टि भएको छ । ५२.५ प्रतिशत संक्रमित उपत्यकाका छन्। हाल नेपालभरिमा ४७ हजार ९ सय २९ जना सक्रिय संक्रमित छन् । तीमध्ये ४६ हजार ५ सय ११ जना होम आइसोलेसनमा, १ हजार ४ सय १४ जना संस्थागत आइसोलेसनमा, १ सय ९६ जना आइसियुमा र २८ जनाको भेन्टिलेटरमा उपचार भइरहेको छ । गत २४ घण्टामा नेपालमा कोरोना संक्रमणका कारण थप ४ जनाको मृत्यु भएको छ । थप मृतकसहित नेपालमा कोरोनाबाट मृत्यु हुनेको संख्या ११ हजार ६ सय २८ पुगेको छ ।

कोरोना संक्रमित हुने दर बढी भएपछि सरकारले जनस्वास्थ्य मापदण्डसम्बन्धी आदेश जारी गरेको छ। सार्वजनिक स्थलमा २५ जनाभन्दा बढी जम्मा हुन नपाइने, माघको अन्तिमसम्म सभासम्मेलन गर्न नपाइने, माघ १५ सम्म विद्यालय खोल्न नपाइने, व्रतबन्ध, विवाह, पास्नीजस्ता कार्यक्रम गर्नुपरेमा स्थानीय प्रशासनको अनुमति लिई ५० जनाभन्दा बढी भेला हुन नपाउने गरी सञ्चालन गर्ने आदेश जारी गरिएको छ । त्यसैगरी होटेल, सार्वजनिक सवारीसाधन, हवाईजहाज, रेस्टुराँ, सपिङ मल सञ्चालन गर्न पनि सरकारले विभिन्न मापदण्ड पूरा गर्नुपर्ने गरी आदेश जारी गरेको छ ।

## सात...

प्रोजेक्ट प्रालि, बाँकेको सोनारीस्थित एसएनसी निर्माण सेवा प्रालि र लुम्बिनीको रुपन्देहीस्थित शाह निर्माण सेवा कम्पनीलाई एक-एक वर्षका लागि कालोसूचीमा राखिएको छ। कालोसूचीमा परेका कम्पनीले कालोसूची अवधिभर सरकारी निकायको कुनै पनि खरिद तथा निर्माणका कार्यमा भाग लिन पाउनेछैनन्। कालोसूचीमा राख्नुभन्दा अगाडि सम्झौता भएका कार्य भने निरन्तर हुने कार्यालयले जनाएको छ। रासस

## आउँदो...

त्यस्तै, आगामी वर्ष २०७९ सालमा व्रतबन्धको लगन पनि टन्नै निस्किएको छ । २०७९ सालमा वैशाख, जेठ, असार, मंसिर, माघ र फागुनमा व्रतबन्धको दुईवटा लगन छ । चैतमा एक दिन व्रतबन्धका लागि लगन रहेको पञ्चांग निर्णायक विकास समितिले जनाएको छ । नेपाल पञ्चांग निर्णायक विकास समितिका अनुसार २०७९ सालको दसैंको टीका १९ असोजमा परेको छ । १० असोजमा घटस्थापना, १६ गते फूलपाती, १७ गते महाष्टमी, १८ गते महानवमी र १९ गते विजयादशमी परेको छ ।

सदस्यसचिव ढुंगेलका अनुसार, १० कात्तिकमा भाइटीकाको साइत जुरेको छ । त्यसअघि ६ कात्तिकमा कागतिहार परेको छ । कुकुरतिहार र लक्ष्मीपूजा ७ कात्तिकमा परेको छ । भोलिपल्ट आठ कात्तिकमा गाईपूजा छ । त्यसै दिन सूर्य ग्रहण पनि लाग्नेछ । ९ गते गोवर्द्धन पूजा र म्ह पूजा परेको छ । समितिले २०७९ सालको पात्रो तयार पार्न विभिन्न १४ वटा पात्रोलाई तिथिमितिसहितको विवरण उपलब्ध गराइसकेको छ । समितिले १५ माघमा नयाँ पात्रो बजारमा ल्याउन स्वीकृतिसमेत दिइसकेको छ ।

## लकडाउन...

थियो। अधिकांश व्यवसायीहरूले स्वास्थ्य मापदण्डको पालनामा कडाइ गर्नुपर्ने र खोप कार्यक्रम चोक-चोकमा सञ्चालन गर्नुपर्ने तथा परीक्षणलाई सर्वसुलभ गर्नुपर्ने सुझाव दिएका थिए। सरकारले बुधबारदेखि नै कोरोना परीक्षणको शुल्क घटाइदिएको छ। यसले परीक्षण गर्न सहज हुनेछ भने थप इलाकामा खोप कार्यक्रम सञ्चालन गर्न सूचना जारी गरेको छ।

विभिन्न स्थानीय तहमा खोप पु-याएको कारण उनीहरूले सूचना जारी गर्दै खोप लगाउने स्थान तोक्नथालेका छन्। सरकारले खोप कार्यक्रमलाई सहज बनाउँदै लैजाने र खोप नलगाउनेहरूलाई पहिले सार्वजनिक सेवा बन्द गर्ने र पछि सार्वजनिक स्थानमा हिँड्डुल गर्न नै नदिने नीति लिएको छ। यसले खोप लगाउन सबैलाई बाध्य पार्नेछ। खोप नलगाउनेभन्दा लगाउनेलाई कोरोनाको जोखिम कम हुने अनुमान गर्दै सरकारले खोप लगाउनको लागि कार्ड नदेखाउनेलाई सार्वजनिक सेवा नै बन्द गर्नलागेको हो।

सरकारले लकडाउन नगर्ने भने पनि मंगलबार दिउँसोदेखि बुधबार दिउँसोसम्मको २४ घण्टामा देशभर ११ हजार तीन सय ५२ जनामा कोरोना संक्रमण पुष्टि भएको छ। उक्त संख्या विगत एक महिनाको अवधिमा सबैभन्दा बढी हो। उक्त २४ घण्टामा २३ हजार चार सय नौ जनामा गरिएको परीक्षणमा ११ हजार तीन सय ५२ जनामा कोरोना संक्रमण पुष्टि भएको हो। यसले कोरोनाको फैलावट तीव्र भएको पुष्टि गरेको छ। परीक्षण गरिएकामध्ये झण्डै ५० प्रतिशतमा कोरोना देखिन थाल्नुलाई जनस्वाथ्यविद्हरूले भयावह अवस्था भएको बताएका छन्। यद्यपि कोरोनाको कारण मृत्यु हुनेको संख्या न्यून भएको कारण सरकारले व्यवसायमा सञ्चालन गर्दा भीडभाड हुन नदिने र खोप कार्यक्रम तीव्र बनाउने नीति लिएको हो।

सरकारले भोलि माघ ७ गतेदेखि सार्वजनिक सेवा लिन चाहने जुनसुकै नागरिकले कोरोनाविरुद्धको खोप लगाएको कार्ड अनिवार्य लिएर कार्यालयहरूमा जानुपर्ने अन्यथा कुनै पनि सेवा नदिने व्यवस्था गर्दै छ। सरकारले निःशुल्क खोप सेवा दिए पनि विभिन्न बहाना बनाएर खोप लगाउन नचाहनेहरूलाई निरुत्साहित गर्न सरकारले सेवा नै नदिने गरी कडाइ गर्नलागेको हो।

यस्तै, सार्वजनिक स्थानमा मास्क नलगाई हिँड्डुल गर्नेलाई नगद जरिवाना गर्ने काम पनि काठमाडौं जिल्ला प्रशासन कार्यालयले थालेको छ। यो अभियान देशभर चलाउने तयारी सरकारले गरेको छ। यसैबीच, प्रधानमन्त्री शेरबहादुर देउवाको निर्देशनपछि कोभिड-१९ सङ्क्रमणको पीसीआर परीक्षणको शुल्क घटाइएको छ। प्रधानमन्त्री देउवाले सोमबार स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री विरोध खतिवडा र स्वास्थ्य सचिव डा. रोशन पोखरेललाई निजी अस्पताल तथा ल्याबमा पीसीआरको शुल्क बढी भएको भन्दै घटाउन निर्देशन दिएका थिए।

सोही निर्देशनअनुसार स्वास्थ्य मन्त्रालयले पीसीआर परीक्षणको शुल्क घटाएको जनाएको छ। अब सरकारी अस्पतालमा भर्ना भएको बिरामीको निःशुल्क पीसीआर परीक्षण हुने र परीक्षण मात्रै गर्नेलाई आठ सयभन्दा बढी लिन नपाउने निर्णय भएको छ। यसअघि सरकारी अस्पतालमा पीसीआर परीक्षणको एक हजार रुपैयाँ शुल्क लाग्दै आएको थियो। त्यसैगरी निजी अस्पताल तथा ल्याबले एक हजार पाँच सयभन्दा बढी शुल्क लिन नपाउने निर्णय पनि स्वास्थ्य मन्त्रालयले गरेको छ। यसअघि निजीतर्फ पीसीआर परीक्षणको शुल्क दुई हजार रुपैयाँ थियो।

यस्तै, जिल्ला प्रशासन कार्यालय भक्तपुरले कोभिड-१९ नियन्त्रणका लागि जारी गरेको आदेश नमान्ने बटुवादेखि भाटभटेनी सुपरमार्केटसम्मलाई बुधबार कारबाही गरेको छ। प्रशासनले बुधबारदेखि लागू हुने गरी जारी गरेको २७ बुँदे आदेश उल्लङ्घन गर्ने एक सय ५२ जनासहित तीन वटा व्यापारिक केन्द्रलाई कारबाही गरेको छ।

सार्वजनिक यातायातमा मास्क नलगाउने यात्रु भेटिए चालकलाई एक सयदेखि छ सय रुपैयाँसम्म जरिवाना गराउने भन्दै मास्क अनिवार्य गरेको छ। भक्तपुरमा बुधबारको कारबाहीबाट १५ हजार दुई सय राजस्व सङ्कलन भएको छ भने अनुगमनका क्रममा छ सय एक वटा मास्क निःशुल्क वितरण गरिएको छ।

## नेपालको...

प्रकाशित इम्प्रूभ्ड म्याप अफ इन्डिया शीर्षकको २ जनवरी १८१६ को नक्सामा लिम्पियाधुरा नजिकबाट झरेको नदीलाई काली नदी लेखिएको छ । यस्तै स्केच अफ कुमाउँ शीर्षकको १८१९ मा सर्वेयर क्याप्टेन एचएस बेलले तयार गरेको सर्वे अफ इन्डियाले छापेको नक्सामा लिम्पियाधुराबाट निस्केको नदीलाई काली नदी लेखिएको छ ।

युएस आर्मीले वासिंगटनबाट १९५४ मा निकालेको नन्दादेवी मानसरोवर शीर्षकको नक्सामा लिम्पियाधुराबाट निस्केको कुटीयाङदी लेखिएको छ । कुटीयाङ् दी भनेकै काली नदी हो । १९६७ मा सोभियत संघबाट प्रकाशित वर्ल्ड एटलस द्वितीय संस्करणमा लिम्पियाधुराबाट उद्गम नदीलाई काली नदी लेखिएको छ । भारत, बेलायत, अमेरिका, रुस लगायतका अन्तर्राष्ट्रिय नक्साहरूलाई आधार मान्नेहो भनेकालीनदी नेपाल भारतबीचको सीमा नदी भएकाले पूर्वतर्फ पर्ने लिपुलेक स्वतः नेपालभित्र पर्छ ।

जलविज्ञान शास्त्रअनुसार कुनै पनि नदीका उद्गम र विकासलाई हेर्न प्रमुख चार कुरामा ध्यान दिइन्छ । पहिलो नदीको निकास मिच्नु(प्वाइन्ट अफ आउटलेट) देखि यसको उद्गम बिन्दुसम्मको दूरी हुनुपर्छ । दोस्रो नदीको क्रमागत अर्डर (रिभर अर्डर) हेर्नुपर्छ । महाकालीको निकासदेखि उद्गमस्थलसम्मको दूरी लिम्पियाधुरादेखि लिपुलेक दुवै विन्दुसम्म करिब दुई सय ५५ किलोमिटर जति पर्छ । जलाधार क्षेत्र भने लिपुलेकभन्दा लिम्पियाधुराको बढी छ । पानीकोआयतन लिपुलेकबाट निस्केको नदीमा भन्दा लिम्पियाधुराबाट निस्केको नदीमा ५.६गुणा बढी छ । नदीको विभिन्न शाखा प्रशाखा मिसिएर बढेको क्रमागत अर्डर पनि लिपुलेकको भन्दा लिम्पियाधुराबाट निस्केको नदीको बढी छ । त्यसैले हाइड्रोलोजीको आधारमा पनि लिम्पियाधुराबाट निस्केको नदी नै महाकालीको उद्गम हो भन्ने प्रस्ट बोध हुन्छ ।

महाकाली नदीको पानीमाथि भारतको गिद्देदृष्टि परेको कारण कालीको मुहान कुन भन्ने विषयमा अनावश्यक विवाद निकालेर लिम्पियाधुराको बदला त्यसको पूर्वतर्फ नक्कली मुहान देखाएर हाइड्रोलोजिकले आधारको उल्लंघन भारतले गर्दैछ ।

लिम्पियाधुरादेखि कालापानी र लिपुलेकसम्मको करिब तीन सय ७२ वर्ग किलोमिटर नेपालको जमिन कब्जा गर्ने भारतको मनसाय देखिएको छ । यो क्षेत्र सामरिक पर्यटकीय, व्यापारिक पर्यटकीय तथा तीर्थाटनका दृष्टिकोणबाट महत्व राख्ने भएकाले भारतले १९६२ देखि कालापानीमा अर्धसैनिक दस्ता तैनाथ गरी नेपालको भूभागमा विस्तार गर्न खोजेको देखिन्छ ।

प्रधानमन्त्री नरेन्द्र मोदी नेपाल भ्रमणमा आउँदा विवादित सीमा समस्या दुई पक्षीय टोलीले वार्ता गर्दा चाँडै सुल्झाउने उल्लेख गरेकाले सो नटुंगिँदै चीन र भारतले लिपुलेकबारे हालै गरेको सम्झौता अपरिपक्व र असान्दर्भिक देखिन्छ ।

नेपाल र चीनबीच १९६१ मा सीमा सन्धि हुँदा नेपाल, भारत र चीनबीच त्यसबेला त्रिपक्षीय वार्ता हुन नपाएकाले त्रिपक्षीय सीमा बिन्दुहरू निर्धारित हुन सकेको थिएन । अहिले भारत र चीनबीच तुलनात्मक रूपमा राम्रो सम्बन्ध रहेकाले अविलम्ब त्रिपक्षीय वार्ता गरी त्रिदेशीय सीमाबिन्दु निर्धारण गर्नुपर्छ। नेपालको सहमति र सहभागिताबाट लिपुलेकलाई अन्तर्राष्ट्रिय व्यापार र आवतजावत गर्ने मार्गको रूपमा प्रयोग गर्न सकिन्छ । नेपालको संसदको समितिले दिएको निर्देशनलाई कार्यान्वयन गरी नेपाल सरकारले तत्काल उक्त लिपुलेकबारे भारत र चीनबीचको समझदारीको विरोधपत्र दर्ता गराउने, द्विपक्षीय र त्रिपक्षीय वार्ताहरू गरे सीमा समस्या सुल्झाउने तथा लिपुलेकमा नेपालको सार्वभौमिकताको सम्मान गराउने सक्रिय कूटनीतिक भूमिका अविलम्ब खेल्नुपर्छ ।

## नेपाली...

रुपमा सञ्चार र संवाद गर्न सकिने उल्लेख छ । 'पारस्परिक रुपमा सहमति भएका जुन सीमा समस्या छन, हाम्रो घनिष्ट र मैत्रीपूर्ण द्विपक्षीय सम्बन्धनको भावनामा आधारित रहेर ती समस्यासधैं सम्बोधन गर्न सकिन्छ' कुमारद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । नेपालका राजनीतिक दल, बुद्धिजीवी र विज्ञहरूले पनि उक्त समस्यालाई चाँडोभन्दा चाँडो कूटनीतिक माध्यमबाट समाधान गर्नुपर्ने बताउँदै आएका छन् ।

भारतले सन् २०१४ मा प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमणको दौरानमा नेपालको कालापानी र सुस्ता क्षेत्रको विवाद समाधान गर्न परराष्ट्र सचिवस्तरीय संयन्त्रमार्फत सीमा विवादको समाधान गर्ने भनिएको थियो । सोही बेला उक्त संयन्त्र खडा भएको हो । भारतले संयन्त्रमार्फत सीमा समस्या समाधान गर्नुपर्ने अडान राखे पनि लिपुलेक, लिम्पियाधुरा र कालापानी क्षेत्रमा निर्माण गरिरहेको सडकका बारेमा द्विपक्षीय संवाद गर्न दुई वर्षदेखि मानिरहेको छैन । नेपाल सरकारले २०७७ वैशाखमा भारत सरकारलाई सीमा समस्याबारे द्विपक्षीय कूटनीतिक संवाद गर्न आग्रह गर्दै पत्र पठाएको थियो । तर भारत सरकारले कोभिड १९ संक्रमणलाई कारण देखाउँदै टारिदियो । पछि नेपालमा परराष्ट्र सचिवस्तरीय संयन्त्रको बैठक भयो र नयाँ दिल्लीमा नेपाल भारत परराष्ट्र मन्त्रीस्तरीय संयन्त्रको बैठक पनि भयो । तर दुवै पटक भारतले कालापानी क्षेत्रमा गरिरहेको अतिक्रमणबारे कुरा भएन ।

मानसरोवर जाने लिंक रोडअन्तर्गत धार्चुला लिपुलेक खण्डमा सडकको १९ किलोमिटर खण्ड नेपालमा पर्छ । लिम्पियाधुरा, कालापानी र लिपुलेक क्षेत्र नेपालकै भूमि हुन् भन्ने सबभन्दा बलशाली प्रमाण नै सुगौली सन्धि हो । तत्कालीन इस्ट इन्डिया कम्पनी सरकार र नेपालबीच सन् १८१६, ४ मार्चमा सीमाको विषयलाई लिएर सुगौली सन्धि भएको थियो । यस सन्धिले नेपालको नक्सा नै परिवर्तन गरिदियो । सन्धिपछि नेपालले २२०८१९ वर्गकिलोमिटर क्षेत्रफल गुमायो । यस सन्धिमा नेपालका तर्फबाट गजराज मिश्र र चन्द्रशेखर उपाध्यायले हस्ताक्षर गरेका थिए । नेपालको विशाल भूभाग गुमाउने गरी राष्ट्रघाती सन्धिमा हस्ताक्षर गरेको भन्दै तत्कालीन नेपाल सरकारले मिश्र र पाध्यलाई देश निकाला गरेको थियो । त्यसपछि उनीहरूलाई इस्ट इन्डिया कम्पनीले बनारसमा जग्गा र पैसा दिएर उच्च सम्मानका साथ सम्मान दिएको थियो ।

सुगौली सन्धिअघि नेपाली भूमि पूर्वमा टिस्टा पश्चिममा काँगडा र दक्षिणमा गंगा नदीसम्म फैलिएको थियो । सन् १८१४ सम्म नेपालको भूमि ३७७५७५ वर्गकिलोमिटर रहेको थियो । काँगडा नदीअघिको भूभाग नेपालले ब्रिटिश इस्ट इन्डियासँग गुमाएको थियो । सन् १८१४ देखि १८१६ मार्चसम्म नेपालको सीमा पूर्वमा टिस्टा र पश्चिममा सतलज काँगडासम्म २०४९१७ वर्गकिलोमिटर रहेको थियो । सन् १८१४ देखि १८१६ सम्म इस्ट इन्डिया कम्पनीले पाँच युद्ध मोर्चा बताई युद्ध छेडेको थियो जसमा नेपालले पश्चिम नेपालका दुईवटा मोर्चामा मात्र युद्ध हारेको थियो र अन्य तीनवटा मोर्चामा मात्र युद्ध हारेको थियो र अन्य तीनवटा मोर्चामा युद्ध जितेको थियो । जब कि पूर्वमा युद्ध नै भएको थिएन भने कसरी टिस्टासम्मको भूभाग ब्रिटिस इन्डियाले आफ्नो कब्जामा लियो ? प्रस्ट छ नेपालको राजदरबारका भारदारहरूमा चलखेल गरी युद्धको धम्की डर र त्रास देखाई करकाप र दबाबमा षड्यन्त्रमूलक ढंगले इस्ट इन्डिया कम्पनीले सुगौली सन्धिमा हस्ताक्षर गर्न नेपाललाई बाध्य बनाएको थियो । सुगौली सन्धि अघिसम्म नेपाली भूमि ३ लाख ६७ हजार ५७५ वर्गकिलोमिटर रहेको इतिहासविदहरू बताउँछन् । सुगौली सन्धिमा नेपालले २ लाख ५१ हजार ३ सय ९४ वर्गकिलोमिटर अर्थात् एक तिहाई भूभाग गुमाउनुपर्‍यो ।

सुगौली सन्धिको धारा ५ ले कालीनदीदेखि पूर्वको भाग नेपालको रहेको प्रस्ट पार्छ । कालीनदी लिम्पियाधुरा हुँदै बग्छ । सन्धिअनुसार कालीनदी पूर्वको मुहान लिम्पियाधुरा भएको र त्यस यताको करिब ३ सय ३५ वर्गकिलोमिटर भूभाग भारतले अतिक्रमण गरेको बताउँदै आएका छन् । सन् १८१६ को सुगौली सन्धि, त्यसै वर्ष डिसेम्बरमा भएको पुरक सन्धि नयाँ मुलुक (बाँके, बर्दिया, कैलाली र कञ्चनपुर) फर्काउने गरी भएको सन् १८६० को पुरक सन्धि र दाङको चुरे श्रृंखलालाई व्यवस्थापन गर्ने क्रममा त्यसको सीमा निर्धारण गर्ने क्रममा गरिएको सन् १८७५ को सन्धिले लिपुलेक नेपालकै रहेको प्रस्ट पार्छ । त्यसयता नेपालको सीमा निर्धारण गर्ने गरी कुनै सीमा सम्झौता भएको छैन । सामरिक महत्वको कालापानीमा भारतले सन् १९६२ मा भारत चीन युद्ध हुँदा आफ्नो सैनिक तैनाथ गर्‍यो । त्यसयता नेपाली भूमि भारतीय अतिक्रमणमा छ ।

भारतको उत्तराखण्ड राज्यको पिथौरागढबाट नेपाल चीन सीमा नाका लिपुलेकसम्म निर्माण गरेको ७९ किलोमिटर सडकमध्ये नेपाली भूमि १९ किलोमिटर रहेको छ । भारतले सन् १९९९ मा उक्त सडक निर्माण आयोजना स्वीकृत भएको थियो । भारतले सन् २००८ मा निर्माण कार्य सुरु गर्‍यो । सन् २०१४ मा भारतमा नरेन्द्र मोदी नेतृत्वको सरकार आएपछि सडक निर्माणलाई थप तीव्रता दिइएको छ । भारतले लिपुलेक सडक बनाएर उद्घाटन गरेपछि मात्र नेपालले दार्चुलाको छाङरुमा बीओपी स्थापना (२०७० वैशाख २१) गरेको छ । नेपालमा सीमा सुरक्षाको जिम्मा सशस्त्र प्रहरी बल (एसपीएफ) लाई दिइएको छ । गृह मन्त्रालयका अनुसार नेपाल भारत सीमामा एपीएफको १ सय १३ वटा बोर्डर अब्जरभेसन पोस्ट (बीओपी) छन् । चीन सीमामा समेत गरी १ सय २१ वटा बीओपी छन् । सरकारले एपीएफको १ हजार दुई सय १३ वटा अस्थायी पोस्ट खडा गरेको छ । जसमा करिब २२ हजार ६ सय १६ सशस्त्र प्रहरी परिचालन गरिएको छ । एपीएफ २०५८ सालमा गठन भएको हो । यो मुलुकको कान्छो सुरक्षा संगठन हो । सशस्त्र द्वन्द्वका बेला जन्मिएको यो संगठनलाई पछि सीमा सुरक्षामा परिचालन गरिएको थियो ।

कालापानी लिम्पियाधुरा बासिन्दाले २०१५ सालको आम चुनावमा भोट हालेका थिए । तर उनीहरूको नाम मतदाता नामावलीमा भए पनि अहिले फेला पर्न नसकेको बताइन्छ । २०१९ सालको गाउँ पञ्चायतको चुनाव र त्यस लगत्तैको राष्ट्रिय पञ्चायतको चुनावमा पनि त्यस क्षेत्रका नागरिकले भोट हालेका थिए । तर त्यसको लागत नै अहिले भेटिएको छैन । वरिष्ठ पत्रकार भैरव रिसालले २०१८ सालको जनगणनामा जोनल अफिसरका रुपमा ती क्षेत्रमा (नाली, गर्ज्याङ, गुन्जी) गएर तथ्यांक संकलन गरेका थिए । तर यसपटकको जनगणना गर्न भारतले त्यहाँ नेपाललाई प्रवेश नै दिएन ।

नेपाल एउटा स्वतन्त्र, सार्वभौम सत्ता सम्पन्न र अभिभाज्य राज्य हो । भारतको राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक नांगो हस्तक्षेपले नेपालको सार्वभौमसत्ता एकता र अखण्डतामा गम्भीर आँच पुगिरहेको छ । सन् १९६३ मा नेपाल भमारतबीच प्रोटोकल सीमा बडापत्रमा हस्ताक्षर हुँदै आएको छ । १०–१० वर्षमा नवीकरण हुँदै आएको यो बडापत्रमा लामो समयदेखि नवीकरण हुन सकेको छैन । सीमा विवाद समाधान गर्ने अपेक्षा गरिएको प्रबुद्ध व्यक्ति समूह (इपिजी) को प्रतिवेदन भारतले अझै बुझ्न सकेको छैन । लिपुलेकको लफडा सधैं जारी छ ।